# अध्याय एक

## शोध परिचय

### १.१ अध्ययन शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक भोजपुर जिल्लाको नेपाले डाँडा गा.वि.स.मा प्रचलित लोक भजनको अध्ययन रहेको छ ।

### १.२ अध्ययनकार्यको प्रयोजन

प्रस्तुत अध्ययन पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत नेपाली विषयको स्नाकोत्तर तह द्धितीय वर्षको दसौं पत्रको आंशिक प्रयोजनको लागि तयार पारिएको हो ।

### १.३ विषय परिचय

लोक भजन मानव जीवनको एक स्वतःस्फुर्त रुपमा निस्कने लयात्ममक अभिव्यक्ति हो । जहाँ मानवले भगवान्का विविध पाटाहरु जस्तो सुख-दुःख, आँसु-हाँसो आशा-निराशा एवम् भगवानका लोक परम्पराका विविध व्यवहार, साथै आस्था र मान्यताहरुको चित्रण पनि झल्काएको हुन्छ । लोक परम्परादेखिको संस्कृति पनि यसैमा समेटिने हुँदा यो रागात्मक हुन्छ । मानव मनमा रहेको धर्मप्रतिको आस्था, माया,प्रेम, पीडा, घृणा, आशा, निराशा आदि पनि लोक भजन भित्र समेटिएको हुन्छ । लोक भजनहरु मनव मनबमाट स्वतःस्फुर्त रुपमा व्यक्त हुन्छन् । यस्ता भजनहरु काल्पनिक एवम् वास्तविक र यथार्थपरक रुपमा आएका हुन्छन् । लोक भजनले मनोरन्जनका साथै शिक्षा पनि प्रदान गरिरहेका हुन्छन् । लोकभजन विशेषगरी लेख्य रुपमा भन्दा पनि कथ्यरुपमा एक पुस्ताबाट अर्को पुस्तमा हस्तान्तरण हुँदै आइ रहेका हुन्छन् ।

भोजपुर जिल्ला समग्र रुपमा हेर्दा दुर्गम पहाडी जिल्ला हो । सदरमुकाम लगायत केही क्षेत्रमा यातायतका साधन र बिजुली बत्तीको सुबिधा पुगे पनि जिल्लाका अधिकांश क्षेत्रहरुमा यातायत र बिजुली बत्तीको सुबिधा अझै पनि पुग्न सकिरहेको छैन् । दुर्गम पहाडी जिल्ला भोजपुरको  त्रिसठ्ठी गा.वि.सहरु मध्ये नेपाले डाँडा उत्तरी क्षेत्रमा अवस्थित एक प्राकृतिक धार्मिक, सामाजिक एवम् भौगोलिक विविधताले भरिएको यस गा.वि.स.मा जातिगत विविधता रहेको छ । विषेशगरी यस गा.वि.स.मा ब्राह्मण, क्षेत्री, राई, नेवार,, दमाई, कामी,, सार्की लगायतका जातिहरुको बाहुल्यता रहेको छ । यस गा.वि.स.मा जातीय विविधता भए तापनि प्राय सांस्कृतिक एकता भएको पाइन्छ । यहाँ विषेशगरी दसैं, तिहार, तीज लगायतका चार्डपर्वहरु सबै जातिले मनाउने गर्दछन् । यस गा.वि.स.का बूढापाकाहरुले प्रायगरी मेलापात, गोठालो, खेतालो , चार्डपर्व, उत्सव , विवाह, ब्रतबन्ध आदि जस्ता विभिन्न अवसरहरुमा गभवान्सँग सम्बन्धित श्लोक, भजन, मारुनी, सँगीनी, बालन, आदि खेल्ने र गाउने चलन रहेको छ ।   यस गा.वि.स.का मानिसहरुले शिवरात्री, सप्ताह पुराण, ब्रतबन्ध,पूजाआजा आदिको अवसरमा जाग्राम बस्ने अनि भजन किर्तन गाउने र कृष्णलीला, रामलीला देखाउने चलन रहेको छ । जसलाई स्थनीय भाषामा नाटक  देखाउने वा खेला देखाउने भनेर भन्ने गरिन्छ ।

नेपाले डाँडाको भजन टोलीले स्थानीय स्तरमा र भोजपुरका विभिन्न क्षेत्र लगायत संखुवासभा जिल्लाका खाँदबारी, चन्दनपुर, चेवा, मानेभञ्ज्याङ, धुपु, स्यावुन लगायतका स्थानहरुमा समेत गएर सामुहिक तथा व्यक्तिगत रुपमा आयोजना गरिएका धार्मिक कार्यहरुको अवसरमा भजन गाउने र रामलीला, कृष्णलीलाका नाटकहरु देखाउने कार्यहरु पनि गर्दै आइरहेको छ यस भजन टोलीले । यस भजनटोलीको उद्गम बिन्दु भने नेपाले डाँडाको वार्ड नं. सातलाई मानिन्छ । वि.सं. २००९ कार्तिक १६ गतेबाट स्व. श्रीकान्त सुवेदी तथा लक्ष्मीनारायण भण्डारी र साथीहरुले शुरु गर्नु भएको लोकभजन र लोक नाटक एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आजसम्म निरन्तर रुपमा चल्दै आइरहेको छ ।

### १.४ अध्ययनको समस्या :

नेपाली लोकभजन लोकसाहित्य भित्रको लेख्य साहित्य मात्र नभएर समग्र नेपाली साहित्य कै संवृद्धिका लागि पनि आधार स्तम्भ मानिन्छ । नेपाली लोकभजन लोकजीवनको प्रस्तुति पनि हो । भोजपुर जिल्लाको उत्तर पूर्वी क्षेत्रमा अवस्थित नेपाले डाँडा गा.वि.स. मा यो लोकभजन परम्परादेखि नै गाउने प्रचलन रहेको पाइन्छ । तथापि यस लोकभजनको संरक्षण र सम्वर्द्धनका बारेमा हालसम्म पनि कसैले चासो देखाएको पाईदैन । त्यतिमात्र होईन हालसम्म कसैबाट पनि सामान्य अध्ययनसम्म पनि भएको छैन् । जसका कारण परापूर्वक कालदेखि एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको यो लोकभजन लोपोन्मुख अवस्थामा पुगेको छ । पछिल्लो समयमा अहिलेका युवापुस्ताले यस लोकभजनप्रति खासै चासो नदेखाउँदा र युवाहरु विदेश पलायन हुँदा यी र यस्तै ग्रामिण क्षेत्रमा रहेका सांस्कृतिक, सामाजिक परम्परा र चालचलन लोप हुने अवस्थामा पुगेका छन् । त्यसैले अध्ययनको परिपूर्ति गर्न लागिएको हो । यस अध्ययनमा निम्नलिखित मूल समस्याहरु रहेका छन् :

(१) भोजपुर जिल्लाको नेपाले डाँडा गा.वि.स.मा के-कस्ता लोकभजनहरु प्रचलनमा रहेका छन् ?

(२) नेपाले डाँडा गा.वि.स.मा के -कस्ता समयमा वा पर्वहरुमा कस्ता-कस्ता लोकभजनहरु गाइन्छन् ?

यिनै समस्यामा केन्द्रित भएर प्रस्तुत अध्ययन कार्य गरिएको छ ।

## १.५ अध्ययनकार्यको उद्‌देश्य :

प्रस्तुत अध्ययन कार्यको उद्‌देश्य भोजपुर जिल्लाको नेपाले डाँडा गा.वि.स.मा प्रचलित लोकभजनका माध्यबाट यस क्षेत्रको पहिचान गराउनु र यस क्षेत्रका लोकभजनहरु सङ्कलन तथा अध्ययन गरी राष्ट्रियस्तरमा पहिचान गराउनु रहेको छ । त्यसैले यस अध्ययनकार्यको निम्न उद्‌देश्यहरु रहेका छन् :

(१) भोजपुर जिल्लाको नेपाले डाँडा गा.वि.स. मा प्रचलित लोकभजनहरुको निक्र्यौल गर्नु ।

(२) नेपाले डाँडा गा.वि.स.मा विभिन्न समयमा र पर्वहरुमा गाइने लोकभजनहरुको अध्ययन गर्नु ।

यिनै उद्‌देश्यहरु पूरा गर्ने लक्ष्य लिएर प्रस्तुत अध्ययन कार्य गरिएको हो र यस अध्ययन कार्यबाट माथि उल्लेखित उद्‌देश्यहरु पूरा गर्ने प्रयास गरिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा :

लोकभजनका बारेमा विभिन्न विद्‌वान विश्लेषकहरुले संङ्कलन, वर्गीकरण गरेको पाइएतापनि भोजपुर जिल्लाको नेपाले डाँडा गा.वि.स.मा प्रचलित लोकभजनका बारेमा भने कहिंकतैबाट सङ्कलन एवम् विश्लेषण गर्ने काम भने भएको छैन । यस क्षेत्रमा प्रचलित लोकभजनहरुका बारेमा त्यस्तो अध्ययन अनुसन्धान गहन रुपमा नभएपनि मौखिक रुपममा भने त्यस क्षेत्रका मानिसहरुले निकै चासो देखाएर प्रचार प्रसार गर्ने गरेको पाइन्छ । यस क्षेत्रका लोकभजनका सम्बन्धमा गरिएका साना प्रयासहरु निम्न रहेका छन् :

अर्जुन चापागाईले **नेपाले डाँडाका भजनसंग्रह** (२०६५) नामक पुस्तकमा नेपाले डाँडाको वार्ड नं. ७ सिम्लेमा प्रचलित लोकभजनहरुको उल्लेख गरेको भएतापनि यसले समग्र त्यस क्षेत्रका भजनहरुलाई समेट्न सकेको छैन ।

जीवनप्रसाद सुवेदीले **नेपाले डाँडा सिम्लेका लोकभजनहरु** ( प्रकाशोन्मुख) नामक पुस्तक प्रकाशको तयारी गर्नुभएको छ, जसले त्यस क्षेत्रका प्रचलित भजनहरुलाई एक ठाउँमा जम्मा गर्नेकाम गरेको छ । विशेष गरी यस कृतिले सिम्लेको भजन समूहबाट प्रदर्शन गरिने लोकनाटकमा गाइने भजनहरुलाई नै प्राथमिकता दिएर यो भजन संग्रह आएको पाइन्छ ।

उपर्युक्त कार्यभन्दा यस क्षेत्रमा प्रचलित भजनहरुका बारेमा कसैबाट पनि अध्ययन अनुसन्धान भएका छैनन् । विभिन्न विद्वान विश्लेषक, खोज अनुसन्धानकर्ताहरु, लेखक, संकलकहरुले यस क्षेत्रमा प्रचलित लोकभजनहरुको उत्थान र विकासमा प्रतिबद्ध भई अध्ययन, सङ्कलन, अनुसन्धान गरी उत्थान र विकास गर्नु पर्ने आवश्यकता देखिन्छ । यस अवस्थामा प्रस्तुत अध्ययनपत्रले केही मात्रा भएपनि आवश्यकताको परिपूर्ति गर्ने प्रयास गरिएको छ ।

### १.७ अध्ययनकार्यको औचित्य

अध्ययनको समस्या शीर्षकमा प्रस्तुत गरिएका समस्याकाहरुको समाधान गरिएको, उद्देश्य कथनमा उल्लेख गरिएका उद्देश्यहरु पूरा गरिएको तथा भोजपुर जिल्लाको उत्तर पूर्वी क्षेत्रमा अवस्थित नेपाले डाँडा गा.वि.स.मा प्रचलित लोकभजनलाई अध्ययन गरी संरक्षण गरिएको प्राज्ञिक क्षेत्रमा यसको विशेष महत्त्व रहनेछ र यसबाट यस अध्ययनको औचित्य स्वतः स्पष्ट हुन्छ ।

### १.८ अध्ययनकार्यको सीमाङ्कन

लोकभजन नेपाली लोक साहित्य भित्रको एक महत्त्वपूर्ण र प्रभावकारी विधा पनि हो । लोकभजन मौलिक रुपमा भगवान्प्रति आस्था राख्दै गाइने एक प्रचलित र लोकप्रिय विधा पनि हो । लोकभजन मौखिक रुपमा एक पुस्ताबाट अर्को पुस्तमा हस्तान्तरित हुँदै आएको विकसित यो विधा जनमानसको ढुकढुकी पनि हो । त्यसैले यस विधाको

सीमाङ्कन गर्नु पनि गाह्रो कार्य हो । लोकभजन ठाँउ विषेश अन्तर्गत फरक-फरक हुने पनि गर्दछन् । तथापि पनि विषेश अध्ययन र अनुसन्धानका  लागि निश्चित क्षेत्र तोकेर मात्र अध्ययन गर्न सकिने हुँदा भोजपुर जिल्लाको नेपाले डाँडा गा.वि.स.का सिम्ले, आम्बोटे, फलाटे, पुरानागाउँ, कोइराला डाँडा लगायतका क्षेत्रमा केन्द्रित भई लोकभजनहरुको सङ्कलन तथा अध्ययन गरिएको छ ।

## १.९ अध्ययनविधि

यस अध्ययन कार्यलाई व्यवस्थित किसिमले अध्ययन गर्नका लागि निम्नलिखित विधिहरुको प्रयोग गरिएको छ ।

### १.९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनपत्र तयार पार्ने क्रममा गाउँ-गाउँमा चाडपर्व, व्रततीर्थको अवसरमा गाइएका भजनहरुलाई टिपेर एवम् त्यस क्षेत्रका बूढापाकाहरुलाई भजन गाउन लगाएर पनि सामग्री सङ्कलन गरिएको छ ।

### १.९.२ सामग्री विश्लेषण विधि

प्रस्तुत सङ्कलित सामग्रीहरुको प्रस्तुतिकरण विश्लेषणात्मक विधिले गरिएको छ । भजनहरुलाई गीतीशैलीको संरचनामा आधारमा सामान्य विश्लेषण गरिएको छ ।

### १.९.३ अध्ययनपत्रको रुपरेखा

प्रस्तुत अध्ययनपत्रलाई निम्नलिखित मूल शीर्षक र आवश्यकता अनुसार उपशीर्षकमा समेत राखेर सङ्कलन, अध्ययन र सामान्य विश्लेषण गरिएको छ ।

अध्याय एक : अध्ययनको परिचय

अध्याय दुई : लोकभजनको सैद्धान्तिक अध्ययन

अध्याय तीन : नेपाले डाँडा गा.वि.स.मा गाइने लोक भजनहरुको अध्ययन र मूल्याङ्कन
अध्याय चार : सारांश एवम् निष्कर्ष
सन्दर्भग्रन्थ सामाग्रीहरु
परिशिष्ट

# अध्याय दुई

## लोकभजनको सैद्धान्तिक अध्ययन

### २.१ परिचय

लोकभजन लोकगीतजस्तै रागात्मक स्वतःस्फुर्त रुपमा निष्कने लयात्मक अभिव्यक्ति हो । लोकभजन नेपाली लोकगीतको र लोकसाहित्यको एक लोकप्रिय विधा पनि हो । नेपाली लोकसाहित्यमा पनि लोकभजनको स्थान प्रमुख रहेको पाइन्छ । तरलतम् लयात्मकता भएका लोकभजनहरुको प्रारम्भ कहिलेदेखि भयो भनेर भन्न नसकिएपनि नेपाली जनमानसमा भगवानप्रतिको आस्था र विश्वास जागृत भएसँगै लोकभजनको उत्पति भएको अनुमान गर्न सकिन्छ । मानिसको भगवानप्रतिको विश्वास बढेसँगै लोकभजनको लोकप्रियता र व्यापकता पनि बढेको अनुमान गर्न सकिन्छ । लोकभजन विभिन्न छन्द र लयमा गाइने विधा भएकाले यो अन्य विधाभन्दा फरक रहेको छ । लोकभजनलाई अन्य विधाभन्दा फरक छुट्याउने आधार भनेको यसको लय विधा नै हो । विशेष गरेर लय लोकभजनको लोकप्रियता हासिल गर्ने मुख्य आधार हो । भगवानप्रति रहेको मान्छेको विश्वास, आस्था, प्रतिज्ञा, भाकल आदि भजनका माध्यमबाट व्यक्त गर्ने गर्दछन् । विभिन्न भाषा, धर्म, संस्कृति भएका मान्छेहरुले पनि भजन गाउने हुँदा यसले समाजमा भगवान्प्रतिको आस्था र विश्वास बढाउने तथा समाजमा एकता बढाइ शान्ति, अमनचयन कायम गरी अनुशासन बढाउने काम गदर्छ । त्यसैले लोकभजन माव मनको ढुकढुकी बन्न पुगेको छ ।

## २.२ लोकभजनको परिभाषा

लोकभजनको परिभाषा अन्य विधाहरुको जस्तो धेरै विज्ञ विद्वानहरुबाट प्रसस्तै भएको पाइदैन । लोकभजन विभिन्न स्थान, समय र परिवेश अनुसार फरक-फरक तरिकाले गाउने गरेको पाइन्छ । तथापि पनि समग्र रुपमा भजन भगवान्प्रतिको आस्था र विश्वास अनि भगवान्को भक्तिमा नै केन्द्रित रहेको हुन्छ । लोकभजनका बारेमा विभिन्न लेखक, विद्धानहरुले परिभाषा प्रस्तुत गरेको पाइन्छ । ती विद्धान तथा लेखकहरुले दिइएका केही परिभाषा निम्न रुपमा प्रस्तुत गरिएको छ

भजन नै शान्ति, भक्ति र परमात्मालाई पाउने सहि बाटो हो त्यसैले मानव जीवनका लागि भजन अति अपरिहार्य छ ।

**न्हुच्छेबहादुर डंगोल (भक्तिका मार्गहरु)**

ईश्वरीय आस्था मानिसका मनमा प्रारम्भ कालदेखि नै थियो, आज पनि छ र पछिसम्म पनि रहने छ भजन त्यसैलाई अभिव्यक्त गर्ने माध्यम हो ।

**लोचन भट्टराई (भजनामृत)**

कुनै किसिमको पापादि कार्य नगरि आफूले आफैंलाई बुझी, चिनी, प्रभुको चरणमा आफ्नो मनको कुरा निवेदन गर्ने माध्यम नै भजन हो ।

**सत्यमोहन जोशी**

आराध्य देवीदेवताको र गुरु आदिको नाम र महिमा बारबार लिने र गाउने नामकीर्तन, गुणगान वा कुनै देवीदेवताको गुणवर्णन गरिएको गीत

**नेपाली बृहत् शब्दकोश (सम्पा.बन्धू : सातौं सं पृ.सं.९६१ )**

उपर्युक्त परिभाषाहरुमा विभिन्न विद्धान तथा शब्दकोशमा आ-आफ्नै तरिकाले भजनलाई परिभाषित गरेको पाइन्छ । प्रस्तुत परिभाषाहरुलाई अधययन गर्दा लोकभजनको परिभाषालाई निचोडमा यसरी परिभाषित गर्न सकिन्छ :

जनमानसमा भगवान्प्रतिको भक्ति भाव स्वतः स्फुर्तरुपमा प्रस्फुटन भई विभिन्न लय तथा संरचनामा व्यक्त हुने ईश्वरीय नामसङ्कीर्तन नै भजन हो ।

## २.३ लोकभजनको संरचना

लोकभजनको संरचनाभित्र निम्न कुराहरु समावेश भएको पाइन्छ :

२.३.१ कथ्य

२.३.२ भाषा

२.३.३ चरण वा पाद

२.३.४ स्थायी र अन्तरा

२.३.५ रहनी, थेगो

२.३.६ लय र भाका

उपर्युक्त विषयका साथै लोकभजनमा वाद्य र नृत्य पनि रहेको हुन्छ ।

### २.३.१ कथ्य

लोकभजन पनि कुनै न कुनै रुपमा कथ्य अभिव्यक्ति हो । जसमा व्यक्त गर्ने मान्छेले भजनका माध्यमबाट केही न केही भनिरहेको हुन्छ । यसमा यसरी भनिएको कुरो नै कथ्य हो र भन्ने मान्छेले व्यक्त गरेको कथ्यलाई सुन्नेले बुझ्दछ । लोकभजनमा संगीत पनि हुने हुँदा संगीतका कारण कुनै समयमा कथ्य नबुझिन पनि सक्छ तर त्यस समयमा पनि स्रोता तथा दर्शकलाई भने आनन्दको अनुभूति भने हुन्छ । भजनमा कुनै न कुनै रुपमा भगवान् प्रतिको भक्ति गान रहने भएको हुँदा यसले केही न केही सन्देश छाडेको हुन्छ, यही सन्देशलाई नै लोकभजनको कथ्य विषय पनि हो ।

### २.३.२ भाषा

भजनको कुनै न कुनै भाषाका माध्यमद्वारा नै व्यक्त हुने विचार वा अभिव्यक्ति हो । जो संसारका विभिन्न भाषमा व्यक्त भइरहेका हुन्छन् । लोकभजनको भाषा अन्य विधाकोजस्तो कठिन र असहज नभई सरल र सामान्य बोलचाको भाषाभन्दा फरक हुन्छ तर बुझिने बोधगम्य हुन्छ । तर केही भजनहरु भने एक पुस्ताबाट अर्को पुस्तासम्म मौखिक रुपमा नै हस्तान्तरित हुदै आईरहेका हुन्छन् जसको लिखित रुपमा कुनै भाषा नै हुँदैन ।

### २.३.३ चरन वा पाद

भजनमा चरन वा पाउ पनि रहेका हुन्छन् । भजनको एक चरन एक पाउ हो । यो सामान्य बोलचालको भाषाभन्दा भिन्न रहेको हुन्छ । प्रायः एउटा चरनको अर्को चरनसँग तुक मिलाइएको हुन्छ । यी दुई चरनमा पनि पहिलालाई फेद र दोस्रो चरनलाई टुप्पो भनिन्छ । केही गीतहरुमा दुबै चरन प्रासङ्गिक रुपले सम्बद्ध देखिन्छन् भने केही भजनमा ती असम्बद्ध पनि देखिन्छन् ।

### २.३.४ स्थायी र अन्तरा

स्थायी भनेको त्यो भाग हो जो पटक-पटक दोहोऱ्याइन्छ । भजन गाउँदासम्म भजनको क्रमसँगै अघि अघि बढ्दै जाने अंशलाई अन्तरा भनिन्छ । अनतरा दोहोरिदैन । एक जनाले भट्याउँछ र स्थायीका निम्ति मात्र अडिन्छ । यस्ता शब्दलाई सङ्गीत शास्त्रका शब्दमा स्तोभ भनिन्छ ।

### २.३.५ रहनी, थेगो

लोकभजनका बीच-बीचमा आउने शब्दलाई रहनी भनिन्छ । यस्ता शब्दाहरुमध्ये केही सार्थक हुन्छन भने केही शब्दहरु निरर्थक वा अर्थ छुट्याउन पनि गाह्रो पर्ने हुन्छन् । यस्ता रहनीले भजनको छन्द निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

### २.३.६ लय र भाका

लय र भाका भनेको लोकभजनको स्वर गठन हो एउटा भजनलाई विभिन्न लय वा भाकामा गाउन सकिन्छ । जनमानसमा भजन गाउने खास शैली भनेको नै भाका हो । लय वा भाकाले नै भजनलाई मीठासपन ल्याउने गर्छ र श्रोता वा दर्शकलाई आनन्दित तुल्याउने गर्छ ।

## २.४ लोकभजनसँग नजिकको सम्बन्ध राख्ने केही अन्य बिधाहररु

हुन त लोकभजन भगवान् वा ईश्वरसँग सम्बन्ध राख्ने विधा हो र यो ईश्वरप्रति आस्था, भक्ति, प्रेम व्यक्त गर्न, प्रार्थना गर्न गाइने ईश्वरीय नाम सङ्किर्तन हो । तथापि पनि लोकभजन पनि नेपाली लोकसाहित्य एउटा पाटो भएको हुँदा लोकसाहित्य भित्र पर्ने केही विधाहरुसँग यसको सम्बन्धको बारेमा चर्चा गर्नु सान्दर्भिकता देखिन्छ । लोकसाहित्यका विधाहरुमा लोककविता, लोकगाथा, लोकनाटक आदि पनि रहेको पाइन्छ । यिनै विधाहरुसँग पाइने समानता र भिन्नतालाई यहाँ संक्षिप्त रुपमा चर्चा गरिएको छ ।

- लोकभजन र लोककविता
- लोकभजन र लोकगाथा
- लोकभजन र लोकनाटक
- लोकभजन र लोकगीत

### २.४.१ लोकभजन र लोककविता

लोकभजन र लोककविता नेपाली लोकसाहित्यका विधाहरु हुन् । यी दुबै विधाहरुले परम्परादेखि नै मानिसहरुलाई मनोरन्जन प्रदान गर्नुका साथै नैतिक शिक्षा, नैतिक चेतना पनि अभिवृद्धि गर्दै आइरहेका छन् । ईश्वरीय भक्तिभावलाई आधार बनाइ काल्पनिक रुपमा तयार पारिने लोकभजन र काल्पनिक घटनाहरुलाई संयाजन गरी

तयार पारिने लोककविता दुबै लयविधामा आधारित विधाहरु हुन् । यी विधाहरुमा केही समानता र केही असमानताहरु रहेको पाइन्छ । जसलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

## समानता

| लोकभजन | लोककविता |
|---|---|
| १. यो पद्य विधा हो । | यो पनि पद्य विधा हो । |
| २. यो श्रव्य विधा हो । | यो श्रव्य विधा हो । |
| ३. यसमा गायन पक्ष सवल हुन्छ । | यसमा पनि वाचन ( गायन) पक्ष सवल हुन्छ । |

## असमानता

| लोकभजन | लोककविता |
|---|---|
| १. यो ईश्वरीय भक्तिमा आधारित हुन्छ । | यो इश्वरीय भक्तिमा नभई अन्य विषयमा आधारित हुन्छ । |
| २. यो भजन किर्तन गर्दा गाइन्छ । | यो जुनसुकै समय र कार्यक्रमहरुमा वाचन गरिन्छ । |
| ३. यसमा भगवान् प्रतिको भक्तिभाव झल्किन्छ । | यसमा माया प्रेम लगायतका विषय झल्किन्छ । |
| ४. यसमा वाद्यवाजनको संयोजन हुन्छ । | यसमा वाद्यवाजनको संयोजन हुँदैन । |

### २.४.२ लोकभजन र लोकगाथा

लोकभजन र लोकगाथा दुवै विधा नेपाली लोकसाहित्यका लोकप्रिय विधाहरु हुन् । यी दुवै विधाले परम्परादेखि नै जनमानसमा भावना, संस्कार,कथा, व्यथालाई प्रस्तुत गर्दै आइरहेका छन् । मुख्यरुपमा ईश्वरीय भक्ति तथा ऐतिहासिक घटना र काल्पनिकता आदि विषयलाई आधार बनाइ लोकभजन र लोकगाथा तयार हुने गरेका छन् । तथापि यी दुबै

विधाले माानव समुदायमा नैतिक चेतना, आध्यात्मिक चेतना तथा ऐतिहासिक घटनाको सन्देश सम्प्रेषण गरेको पाइन्छ । प्रस्तुत लोकभजन र लोकगाथाको समानता र असमानतालाई निम्न रुपमा प्रस्तुत गरिन्छ :

**समानता**

| लोकभजन | लोकगाथा |
|---|---|
| १. लोकभजन मौखिक परम्परामा आधारित हुन्छ । | लोकगाथा पनि मौखिक परम्परामा नै आधारित हुन्छ । |
| २. यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छ | यो पनि एक पुस्ताबाट अर्को पुस्तमा हस्तान्तरित हुन्छ । |
| ३. यसमा लोक जीवनको धार्मिक प्रस्तुति हुन्छ । | यसमा लोकजीवनको सामाजिक प्रस्तुति हुन्छ । |
| ४. यो धार्मिक गीत हो । | यो कथानक भएको गीत हो । |

**असमानता**

| **लोकभजन** | **लोकगाथा** |
|---|---|
| १. लोकभजन लामा छोटा दुबै खाले हुन्छन् । | लोकगाथा लामा-लामा गीत हुन्छ |
| २. यसमा धार्मिक विषय प्रमुख हुन्छ । | यसमा आख्यान कथानक गीत हुन्छ । |
| ३. यसमा भगवानको यथार्थ तस्विर प्रस्तुत हुन्छ । | यसमा ऐतिहासिक तथा अतिरञ्जना प्रमुख हुन्छ । |
| ४. लोकभजन लयबद्दता, श्रृतिमधुरता आदि यसका मुख्य विषेशता हुन् । | लोकगाथा घटना वर्णमा आधारित हुन्छ । |

### २.४.३ लोकभजन र लोकनाटक

लोकभजन र लोकनाटक दुवै विधा नेपाली लोकसाहित्यका लोकप्रिय विधाहरु हुन् । यी दुवै विधाले परम्परादेखि नै जनमानसमा मौखिक परम्परामा आधारित भई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आइरहेका विधाहरु हुन् । लोकभजन मानिसमा धर्मप्रतिको आस्था नैतिक चेतना जागृत गराउन उद्दत रहेको देखिन्छ भने लोकनाटक

लोक परम्परामा आधारित भई मानिसका दु:ख, पीडा, दर्द, हर्ष, खुसी आदिको अभिव्यक्ति हो । यी दुबै विधाका बीचमा भएका समानता र असमानतालाई निम्न रुपमा प्रस्तुत गरिन्छ ।

**समानता**

| लोकभजन | लोकनाटक |
|---|---|
| १. लोकभजनमा नृत्य र गायन हुन्छ । | लोकनाटकमा पनि गायन  र नृत्य हुन्छ । |
| २. लोकभजनले जनमानसलाई मनोरन्जन प्रदान गर्छ । | लोकनाटकले पनि मानिसलाई मनोरन्जन प्रदान गर्ने काम गर्दछ । |
| ३. लोकभजन धर्ममा आधारित हुन्छ । | लोकनाटक पनि धर्ममा आधारित भएर देखाउन सकिन्छ । |

**असमानता**

| **लोकभजन** | **लोकनाटक** |
|---|---|
| १. यो पद्य विधा हो । | यो गद्य विधा हो । |
| २.लोकभजन श्रव्य विधा हो । | लोकनाटक श्रव्य, दृश्य दुबै विधा हो । |
| ३.यसमा विशेषतः गायन विधा मात्र हुन्छ । | यसमा गायन तथा नृत्य दुबै विधा हुन्छ । |
| ४. भजन घरमै बसेर पनि गाउन र सुनाउन सकिन्छ । | नाटक विधा कुनै मञ्चमा वा निश्चित  स्थानमा मात्र देखाउन सकिन्छ । |

## २.४.४ लोकभजन र लोकगीत

लोकभजन र लोकगीत दुवै विधा नेपाली लोकसाहित्यका लोकप्रिय विधाहरु हुन् । यी दुवै विधाले परम्परादेखि नै जनमानसमा आफ्नो लोकप्रियता हासिल गर्दै आइरहेका छन् । लोकभजन मानिसमा धार्मिक, आध्यात्मिक चेतना अभिवृद्धि गर्न गाउने गरिन्छ भने लोकगीत मानिका दु:ख, पीडा, विछोड, मायाप्रेम व्यक्त गर्न गाउने गरिन्छ । यी दुबै विधामा केही समानता र केही असमानता रहेका छन् । जसलाई निम्न रुपमा प्रस्तुत गरिएको छ :

## समानता

| लोकभजन | लोकगीत |
| --- | --- |
| लोकभजन गायन विधामा पर्ने विधा हो । | लोकगीत पनि गायन विधा भित्रै पर्ने विधा हो । |
| यो एक पुस्ताबाट अर्को अर्को पुस्तामा हस्तान्तरित हुन्छ । | यो पनि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छ । |
| ३.यो एकल वा समूहमा गाउन सकिन्छ । | यो पनि एकल वा समूहमा गाउन सकिन्छ । |
| ४. यो श्रव्य विधाभित्र पर्छ । | यो पनि श्रव्य विधाभित्र नै पर्छ । |

## असमानता

| लोकभजन | लोकगीत |
| --- | --- |
| १.लोकभजनमा भगवान्को स्तुति गायन हुन्छ । | लोकगीतमा मानव जीवनका सुख,दुःख समेटिएको हुन्छ । |
| २.यसमा धर्मप्रतिको भक्ति भाव व्यक्त हुन्छ । | यसमा माया, प्रेम, सुख,दुःख आदि व्यक्त हुन्छ । |
| ३.यो कुनै पनि धार्मिक कार्यमा गाउने गरिन्छ । | यो जुनसुकै बेलामा पनि गाउन सकिन्छ । |

माथि प्रस्तुत गरिएका विभिन्न बुंदाहरुले लेकभजनसँग सम्बन्ध राख्ने अन्यविधाहरु लोककविता, लोकनाटक, लोकगाथा, लोकगीत आदिका बीचमा रहेका समानता र असमानातका बारेमा स्पष्ट पार्ने काम गरेका छन् । उपर्युक्त बुदाँहरुबाट लोकभजन छुट्टै परम्परित विधारहेको छ भन्ने स्पष्ट हुन्छ ।

### २.५ लोकभजनका विशेषता

नेपाली लोकभजनका विषेशताहरु नेपाली लोकसाहित्यसँग मिल्दोजुल्दो नै रहेको पाइन्छ । तथापि पनि नेपाली लोकभजनका विशेषताहरुलाई निम्न रुपमा प्रस्तुत गरिएको छ :

#### २.५.१ मैखिक परम्परा

नेपाली लोकभजन विशेषरुपमा मौखिक रुपमा नै परम्परादेखि चल्दै आइरहेको पाइन्छ । एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हुँदै यो जीवन्त बनेको हो । प्रायगरी लोकभजनहरु मैखिक हुन्छन् र मौखिक हुनु नै लोकभजनको विशेषता पनि हो । अहिले पछिललो समयमा आएर केही लेखकहरुले भजन लेख्ने र व्यवसायिक रुपमा भजन गाउने प्रचलन बढेको पाइन्छ । तथापि हिजोका मौखिक लोकभजनहरु भने मौखिक रुपमा नै आज पनि अगाडि बढीरहेका छन् । त्यसैले लोक भजनको विशेषता भनेको नै मौखिक हुनु हो ।

#### २.५.२. मनोरञ्जनात्मकता

नेपाली लोकभजनको अर्को विशेषता भनेको मनोरञ्जनात्मकता हो । लोकभजन गाउँदा यसमा संगीत पनि हुने हुँदा भजनसँगै संगीतको ताल र नृत्यले गर्दा मानिसलाई यसले मनोरञ्जन पनि प्रदान गरिरहेको हुन्छ । त्यसैगरी भजन गायन विधा पनि भएकोले यो गाउने र श्रवण गर्ने दुबैलाई आनान्दानुभूति अर्थात मनोरञ्जन पनि प्राप्त भइरहेको हुन्छ ।

#### २.५.३ सामूहिकता

भजन जुनसुकै हुन् प्रायः समूहमा गाउने प्रचलन रहेको छ । रामचरित्रका भजन हुन् या त कृष्णचरित्रका हुन् वा अन्य कुनै भजन किन नहुन ती सबै भजन प्रायः समूहमा नै गाउने गरेको पाइन्छ । भजनमा सामूहिक स्वर नै खुल्ने हुँदा पनि लोकभजनहरु सामूहिक स्वरमा गाउने चलन रहेको छ जुन नेपाली लोकभजनको विशेषता पनि हो

### २.५.४ पुनरावृत्ति

नेपाली लोकभजनमा पनि लोकगतिमा जस्तै देखिने विषेशता भनेको पुनरावृत्ति हो । यसमा प्राय एउटै लय, भाव, ताल, स्वरहरु पुनारावृत्ति भइरहेको हन्छ । यसरी पुनरावृत्ति हुनु पनि नेपाली लोकभजनको विशेषता हो ।

### २.५.५ मौलिकता र सरलता

नेपाली लोकभजनहरु प्रायगरी भगवान्सँग सम्बन्धित रहेर मौलिक रुपमा रचना गरिन्छ । गाउँघरमा बोलिने बोलचालको भाषाशैलीलाई प्रयोग गरी लोकभजनको रचना हुनेगरेको पाइन्छ । ग्रामिण भाषाशैलीको प्रयोग गरी लोकलयको भावमा प्रस्तुत गर्नु अनि ती ग्रामिण परिवेशका भाषशैलीमा लोकभजन भेटिनुले पनि लोकभजन सरल र सरसयुक्त हुन्छ जुन नेपाली लोकभजनको विशेषता पनि हो ।

### २.५.६ सहज उपलब्धता

नेपाली लोकभजन सरल भाषाशैली र ग्रामीण परिवेशको भाव संवेगमा बहने एक स्वतन्त्र अभिव्यक्ति हो । लोकभजन अपठित जनसमुदायहरुको मनको ढुकढुकी पनि हो भने लेख्य रुपमा आएका भजनहरु पठित वर्गहरुका लागि धेरथोर ज्ञानभएका वर्ग समुदायले अभ्यास र साधना गरेर निकालिएको प्रतिफल हो । तसर्थ लिखित रुपमा आएका साहित्य वा भजन सहज र स्वभाविक नहुन सक्छन् तर लोकभजन स्वतःस्फुर्तरुपमा मानव मनबाट निष्किएको भावधारा हो, जो सरल र सहज हुन्छ । जुन नेपाली लोकभजनको अर्को विशेषता पनि हो ।

### २.५.७ यथार्थता र सामाजिकता

नेपाली लोकभजन यथार्थपरक पनि हुन्छ । भगवान्को रुप र रङको, आकार प्रकारको, कार्यव्यवहार आदिको चर्चा लोकभजनमा यथार्थ रुपमा उतारिएको हुन्छ । भजनमा आफ्ना दुख, पीडा आदिलाई पनि यथार्थपक रुपमा प्रस्तुत गरिएको हुन्छ । समाजको सामाजिक वस्तुस्थितिलाई पनि लोकभजनमा समेट्ने काम गरिएको हुन्छ । त्यसैले लोकभजन यथार्थपरक र सामाजपरक पनि हुन्छ ।

### २.५.८ निष्कर्ष

लोकभजन लोकको वा समाजको आत्माको ढुकढुकी पनि हो । लोकभजन लोकमानसका अन्तर हृदयबाट प्रसफुटित भएर निस्कने भाव हो, जसमा ससुदायको भगवान्प्रतिको आस्था र विश्वासलाई प्रस्तुत गर्ने काम गरेको हुन्छ । एउटै भगवान्को नाममा गाइने केही लोकभजनहरु भने ठाँउ, समय, परिस्थिति अनुरुप फरक-फरक रहेको पाइन्छ । लोकभजनमा संगीत पनि रहेको हुन्छ । नृत्य र वाद्यबाजन पनि लोकभजनसँग सम्बन्धित रहेको हुन्छ । लोकभजन नेपाली लोकसाहित्यको एउटा लोकप्रिय विधा पनि हो अनि जनमानसमा ईश्वरप्रतिको भक्तिभाव प्रकट गर्ने एउटा सशक्त माध्य पनि लोकभजन हो ।

# अध्याय तीन

## नेपाले डाँडा गा.वि.स.का प्रचलित लोकभजनहरुको अध्ययन र मूल्याङ्कन

### ३.१.१ परिचय

नेपाले डाँडा गा.वि.स. कोशी अञ्चलको भोजपुर जिल्लामा पर्ने त्रिसठ्ठी गा.वि.स. मध्ये उत्तर पूर्वी क्षेत्रमा रहेको छ । यस गा.वि.स.का छिमेकी गा.वि.स.हरुमा पूर्वमा अरुण नदी संखुवासभा जिल्लाको सीमाना छुट्याएको छ, पश्चिममा कुदाककाउले गा.वि.स., उत्तरमा खाटङ्मा गा.वि.स. दक्षिणमा चिर्खुवा खोलाले केउरेनी पानी गा.वि.स.सँगको सीमाना छुट्याएको छ । यस गा.वि.स.मा सडक सुविधा भने अझै पनि पुगिसकेको छैन तर सडक निर्माणको योजना भने भर्खर विस्तारित भई खन्ने कार्य शुरु भएको छ । यो गा.वि.स.अहिले पनि विजुली बत्तीको सुविधाबाट बञ्चित रहेको छ । यो उत्तरी अक्षांश २७.४० र ८७.११ पूर्वी देशान्तरका बीचमा अवस्थित रहेको प्राकृतिक तथा ऐतिहासिक एक सुन्दर यस गा.वि.स.को जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ३,४७४ रहेको छ ।

पहाडी क्षेत्रमा पर्ने यो गा.वि.स.को भू-बनोट भिरालो प्रकारको छ । प्राय अधिकांश जमिन उर्वर र मलिलो माटो रहकोले उत्पादन भने राम्रो हुनेगरेको छ । यस गा.वि.स.को मुख्य बाली भने धान, मकै, कोदो र केही क्षेत्रमा गहुँ रहेको छ । विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको यस नेपाले डाँडा गा.वि.स.मुख्य पेशा कृषि र मुख्य धर्म हिन्दु रहेको छ । यस गा.वि.स.का मानिसहरु दशैं, तिहार तिज, माघेसंक्रान्ति लगायतका चाडपर्वहरु सबै जातजातिका मानिसहरुले मनाउने गर्दछन् । राई जातिका मानिसहरुले उधौली र उँभौली पर्व धुमधामसँग मनाउने गदर्छन् । ब्राह्मण, क्षेत्री जनजाति, दलित सबै मानिसहरु सामूहिक कार्यमा भने एक भई काम गर्ने गरेको पाइन्छ । यस गा.वि.स.को विशेषता यो पनि रहेको छ । जनसंख्याको हिसावले मध्यम मानिने यस गा.वि.स. प्राकृतिक, धार्मिक, सांस्कृतिक, भौगोलिक आदि दृष्टिले एक सुन्दर

गा.वि.स. हो । धार्मिक दृष्टिले पनि यस गा.वि.स.को परिचय बोकेको छ । यसै गा.वि.स.को वडा नं. ४ को मझुवावेंसी धार्मिक पर्यटकीय क्षेत्र हो । जुन भक्ति योगमायाले लामो तपस्या गरेको तपोभूमि पनि हो । यहाँ वि. स. २०५४ सालमा योगीनरहरीनाथको सक्रिय उपस्थितिमा कोटीहोम महायज्ञ सम्पन्न भएको थियो । यसै स्थानको माथि डाँडामा शिव मन्दिर र तल अरुण नदीको किनारमा पनि शिव मन्दिर स्थापना गरि दैनिक पूजापाठ गर्ने गरिएको छ । यस गा.वि.स.मा दुईवटा मा.वि. र हरेक वडामा एउटा प्रा.वि.र केही वडामा भौगोलिकता हेरेर दुईवटा पनि प्रा.वि. विद्यालयहरु संचालनमा रहेका छन् । एउटा स्वास्थ्य चौकी, एउटा हुलाक कार्यालय तथा गा.वि.स.कार्यालय रहेका छन् । गा.वि.स.तथा स्वास्थ्य चौकी रहेको स्थान ज्यादै रमणीय र सुन्दर रहेको छ । यहाँबाट संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी, तुम्लिङ्टार, मानेभञ्ज्याङ, चेवा, चन्दनपुर, साल्माबेंसी, दिंला, केउरेनीपानी, मुलपानी, कुलुङ, चौकीडाँडा साथै हिमालका सुन्दर दृष्यहरु र यसै गा.वि.स.का विभिन्न स्थानहरुको दृष्यावलोकन गर्न सकिन्छ, जुन दृष्यले जो कोही मानिसको मन लोभ्याउने गर्दछ । राज्यको विकास निमार्णका योजनाले खासै नछोएको यस गा.वि.स.निकै संभावना र चुनौतीहरु बोकेको गा.वि.स. हो । यस गा.वि.स.को आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकासमा ध्यान पुऱ्याउन सके यस गा.वि.स.को विकास छिटो हुनसक्ने कुरामा कसैको पनि दुई मत हुँदैन । त्यसैले सम्बन्धित निकाय तथा व्यक्तिहरुले यस क्षेत्रको विकासमा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

### ३.१.२ भू-बनोट

नेपाले डाँडा गा.वि.स. भौगोलि हिसाबले भिरालो जमिन र भीरपाखा रहेको क्षेत्रभित्र पर्छ । यस गा.वि.स.को पूर्वमा २, ३ र ४ वार्डहरु, पश्चिमा १, ६ र ८ वार्डहरु, उत्तरमा ९ नं. वार्ड र दक्षिणमा ५ र ७ नं. वार्डहरु अवस्थित रहेका छन् । समग्र रुपमा हेर्दा वार्डहरुको विभाजनमा एकरुपता नरहेको जस्तो देखिन्छ । प्रायः क्षेत्रपफलको

हिसाबमा कुनै वार्डमा धेरै र कुनै वार्डमा थोरै क्षेत्रफल रहेको पाइन्छ। यो गा.वि.स.को प्राय : सबैतिर भीरालो जमिन रहेको छ। यस गा.वि.स.को अधिकांश जमिनको माटो उत्पादनका दृष्टिले उर्वरा र मलिलो रहेको पाइन्छ।

### ३.१.३ समुदाय परिचय

यस गा.वि.स.मा विभिन्न जातजातिका मानिसहरु विभिन्न समुदायमा आबद्ध भई बसोबास गर्दै आइरहेका छन्। जातीय हिसाबले पनि यस गा.वि.स.का मानिसहरु जातीय समुदायमा बसोबास गर्दै आइरहेका छन्। प्रायः ब्राह्मण क्षेत्री समुदायका मानिसहरु सबै वडामा बसोबास गर्दै आइरहेका छन् भने अन्य केही जाति र समुदायका मानिसहरु निश्चित वडाहरुमा बसोबास गर्दै आइरहेका छन्। यस गा.वि.स.को वडा नं. १, ५, ६, ७ मा ब्राह्मण र क्षेत्री समुदायका मानिसहरुको बाहुल्यता रहेतापनि अन्यजातिहरुको पनि बसोबास रहेको पाइन्छ। वडा नं. १ र ६ मा ब्राह्मण समुदाय सँगै क्षेत्री, राई जाति पनि बसोबास गर्छन भने वडा नं. ५ को माथिललो भागमा ब्राह्मण समुदाका मानिसहरुसँगै केही भुजेल जातिहरु र क्षत्री समुदायका मानिसहरु बसोबास गर्छन भने तल्लो क्षेत्रमा केही राई जाति तथा विश्वकर्मा जातिका मानिसहरुको बसोबास रहेको पाइन्छ त्यसैगरी वडा नं. ७ मा भने सबैभन्दा सिरानमा दलित समुदायका दमाई, कामी तथा सार्कीको र नेवार जातिका समुदायका मानिसहरु बसोबास गर्छन भने बचिको सिम्ले क्षेत्रमा ब्राह्मण समुदायका सुवेदी, न्यौपाने, भण्डारी, गौतम् र क्षत्री समुदायका न्यौपाने, बस्नेत, खड्का लगायतका जातिका मानिसहरुको बसोबास रहेको छ। वडा नं. २ को मझुवामा राई जातिको मात्र बसोबास रहेको छ भने सोही वडाको चालीसेमा ब्राह्मण समुदायका अधिकारीहरु र क्षत्री समुदायका थापा र खड्का जातिका मानिहरुको बसोबास रहेको छ, त्यसैगरी वडा नं. ४ को अधिकांश क्षेत्रमा क्षत्री समुदायका मानिसहरुको र केही राई तथा अन्य जातिका मानिसहरुको बसोबास रहेको छ। क्षत्रीहरुमा कठेत, बिष्ट, दाहाल, खत्री, न्यौपाने आदि बसोबास गर्छन भने वर्तामा जोगी समुदायका मानिसहरुको बसोबास रहेको छ। त्यसै गरी वडा

नं. ८ र ९ मा पनि क्षत्री समुदायका मानिसहरुको नै बढी बसोबास रहेको पाइन्छ । वडा नं. ८ मा बस्नेत, खड्का, बिष्ट तथा तल्लो भेगमा सार्कीहरुको बसोबास रहेको छ भने वडा नं. ९ मा थापा, खड्का, अधिकारी र केही क्षेत्रमा राई जातिका मानिसहरु बसोबास गर्दै आइरहेका छन् ।

**३.१.४ जातजाति**

नेपाले डाँडा गा.वि.स.सामाजिक, साँस्कृतिक, प्राकृतिक तथा जातीय विविधता रहेको गा.वि.स. हो । यस गा.वि.स.को सबै क्षेत्रमा समान रुपमा जनसंख्या र जाजातिको बसोबास रहेको पाइँदैन । विभिन्न वडाहरु विभिन्न जातजातिको बसोबास रहेतापनि केही वडाहरुमा ब्राह्मण क्षेत्रहिरुको नै बाहुलियता रहेको छ । यस गा.वि.स.मा बसोबास गर्ने विभिन्न जातजातिहरुको वस्तुस्थितिलाई निम्नानुसार हेर्न सकिनछ :

**दलित**

यस नेपाले डाँडा गा.वि.स.मा बसोबास गर्ने दलित जातिहरु निम्नानुसार रहेका छन् :

कामी

दमाई

सार्की

**जनजाति**

नेपाले डाँडा गा.वि.स.मा बसोबास गर्ने विभिन्न जातजातिहरु निम्नानुसार रहेका छन् :

राई

नेवार

घर्ती

**अन्य जातिहरु**

| | |
|---|---|
| **ब्राह्मण** | थर |
| | भण्डारी |
| | सुवेदी |
| | न्यौपाने |
| | गौतम् |
| | अधिकारी |
| | तिमल्सिना |
| | घिमिरे |
| **क्षत्री** | |
| | बस्नेत |
| | थापा |
| | बिष्ट |
| | खड्का |
| | कोइराला |
| | चापागाई |
| | कठेत |
| | दाहाल |
| | खत्री |

### ३.१.५ जनसंख्या

नेपाले डाँडा गा.वि.स. पहाडी क्षेत्रका गा.वि.स.हरु मध्येमा मध्य जनसंख्या रहेको गा.वि.स.मा पर्दछ । यस गा.वि.स.को २०६८ को जनगणना अनुसार ३,४७४ जनसंख्या रहेको छ ।

### ३.१.६ पेशा व्यवसाय

भोजपुर जिल्लाको उत्तर पूर्वी क्षेत्रमा पर्ने यस नेपाले डाँडा गा.वि.स. कुनै पनि किसिमका रोजगारीको अवसरहरु प्रदान गर्ने उद्योगधन्दा, कलकारखाना आदि स्थापना भएका छैनन् जसले गर्दा त्यस क्षेत्रमा बसोबास गर्ने जनसमुदायलाई रोजगारीका अवसरहरु प्राप्त हुँदैनन् । जसका कारण यस क्षेत्रका मानिसहरु खेती किसानीमा नै आत्मा निर्भर रहनु परको छ । यस क्षेत्रमा पछिल्लो समयमा अहिले रुद्राक्ष व्यवसायमा हरेक वडाका मानिसहरु आकर्षित भएको पाईन्छ । रुद्राक्ष प्रत्येक वडामा व्यवसायिक खेती गरिदै आइएको छ । हाल आएर रुद्राक्ष नै यस गा.वि.स.का मानिसहरुको जीविकोपार्जनको माध्यम बनेको छ भने केही यस्तो वर्ग पनि छ जसले दैनिक ज्यालामजदुरी नगरी छाक टार्न मुस्किल पर्छ । यस गा.वि.स. मा बसोबास गर्ने मानिसहरुक मुख्य रुपमा कृषि पेशामा नै आवद्ध भएका छन् । खेतिकिसानी गरेर आफ्नो जीविकोपार्जन गर्ने समूदाय निकै ठूलो रहेको छ भने केही व्यक्तिहरु विभिन्न व्यापार, व्यवसाय पनि गरिरहेका छन् । थोरै जनसंख्या भने सरकारी क्षेत्रमा पनि नोकरी गर्दै आइरहेका छन् त्यसैगरी ठूलो युवा जनशक्ति वैदेशिक रोजगारीका शिलशिलामा विदेश पलायन भएका छन् । तसर्थ यस गा.वि.स.को आर्थिक जीवनस्तर मध्यम खालको रहेको छ ।

### ३.१.७ धर्म

यस नेपाले डाँडा गा.वि.स. मा बसोवास गर्ने अधिकांश मानिसको मुख्य धर्म भनेको हिन्दु हो भने यहाँका अधिकाँश मानिसहरुको संस्कार,संस्कृति, चाडपर्व, रीतिरिवाज, परम्परा आदि पनि हिन्दु धर्मको संस्कार अनुसार नै मनाइन्छन् । दशैं, तिहार, तीज, जनैपूर्णीमा, माघे संक्रान्ति, होली, लगायतका चाडपर्वहरु यहाँका मुख्य_पर्वहरु हुन् । साथै अहिले बढ्दो धर्म परिवर्तनको असर र वैदेशिक रोजारीमा गएका केही युवाहरु क्रिश्चियन धर्मप्रति पनि आकर्षित भएको पाइन्छ तर यो जनसंख्या भने ज्यादै न्युन र युवापुस्ता मात्र रहेको पाइन्छ । यस गा.वि.स. मा राई किराँत जातिको उल्लेख्य बसोबास

रहेको हुँदा ती समुदायमा भने किराँतेश्वर महादेवको पनि विशेष पूजाआजा र भक्तिभाव प्रकट गरिन्छ भने बौद्ध धर्म मान्ने मानिसहरु पनि यस गा.वि.स.मा रहेका छन ।

नेपाली लोकभजन नेपाली लोक साहित्यको एक सर्वप्राचीन विधा हो लेकभजन विशेषगरी सङ्कलन गर्ने, गाउने परमपरा मानव सभ्यताको विकाससँगै भएको पाईन्छ । लोकभजन विभिन्न भाषाभाषी, स्थान, अनुसार फरक-फरक पनि हुने गर्दछ तर सारभूत रुपमा भने भजनमा ईश्वरको रुपरङ्ग भगवान्का कार्य ईश्वरप्रतिको आस्था नै झल्किएको पाईन्छ । लोकभजन विभिन्न गायक तथा गायिकाहरुले विभिन्न ईश्वरका नाममा रचना गरेर गाउने काम गरेका छन् । यसरी गाइएका भजनहरुमा ईश्वरको साक्षत् रुपलाई चित्रित गरिएको हुन्छ । यस्ता लोकभजनहरुले मानिसहरुमा ईश्वरप्रतिको आस्थालाई उच्च बनाउनुका साथै नैतिक शिक्षा, नीतिचेतना, उपदेश तथा धर्म-संस्कृतिलाई जोगाइ राख्न समेत मद्दत गर्दछन् । नेपाले डाँडा गा.वि.स.पनि यस्ता लोकभजनहरुमा निकै धनी रहेको छ । यस अध्ययनपत्रमा तिनै लोकभजनहरुको अध्ययन, सङ्कलन तथा सामान्य परिचय दिने प्रयास गरिएको छ ।

### ३.२.१ सरस्वती स्तोत्र

सरस्वती स्तोत्र भजन शुरु गर्नुभन्दा भन्दा पहिले भजन गायनमा सहभागिहुनेहरु सबैले हातमा फूल, अक्षता, धूप, दीप लिएर सरास्वतीको प्रतिमा बनाइ दियो, कलश, गणेश स्थापना गरी पूजा गरी शक्ति र आशीर्वाद लिन गाउने गरिन्छ । यस अवसरमा गाइने सरस्वती स्तोत्र निम्न रहेको छ -

सार देऊ ज्ञान सारा सार देऊ शारदे ।
मुर्ख मध्ये एक मै हुँ हीन विद्या ज्ञानले ।
यो अँध्यारो दीललाई धोइदेऊ शारदे ॥ १
यो जगतमा ज्ञान हुने खाली तिम्रो दृष्टिले ।
मै पनि क्यै ज्ञानशक्ति पाउँला कि शारदे ॥ २
दिन्छ शोभा बाहुमा अक्षमाला सीताराले ।
त्यो उज्यालो रुप तिम्रो ध्यान गर्छु शारदे ॥ ३
शरण पर्छु माँई तिम्रा पाउमा दिलले ।

बासदेऊ आजदेखि कण्ठमा शारदे ॥ ४
आज जल्दि हेरीलेऊ त्यो कृपालु दृष्टिले ।
मोहनाशी ज्ञानदेऊ मुर्खलाई शारदे ॥ ५
माई भै भै रोई रोई जानु कहाँ पुत्रले ।
यो प्रभुनाथ माथि देऊ पूर्ण दृष्टि शारदे ॥ ६

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन (प्रकाशोन्मुख )**

## ३.२.२ आरती

आरती विशेष गरी सम्पूर्ण देवीदेववतालाई पुकारा गरी उनीहरुका नाममा नामोच्चारण गरी सबै देवतासँग आशीर्वाद लिने काम गन्छि । यो भजन गायनको शुरुमा प्रस्तुत गरिन्छ । विशेषगरी प्रार्थनात्ममक शैलीमा सबैले आशीर्वाद माग्ने र सम्भव भएसम्म सबै भगवान्को नामोच्चारण गर्ने काम गरिन्छ । प्रस्तुत आरतीको केही अंश यस प्रकार रहेको छ –

रिद्धिसिद्धि गणेश जी एक दन्तलाई ।

ढोग दिन्छौं चरणमा निधार छुवाई ॥

श्री गुरु गणेशलाई, पहिला चरण नमस्कार गरौं ।

ॐ श्री गुरु गणेशलाई ॥

प्रथम आरती महाकालीलाई ।

ढोगदिन्छौं चरणमा निधार छुवाई ॥

प्रथम आरती, जगतकी माई महाकालीलाई ॥ प्रथम आरती (१)

दोस्रो आरती लक्ष्मी मातालाई ।

दण्डवत गर्छौं सँधै चरण समाई ॥

दोस्रो आरती, जलशाई लक्ष्मी मातालाई दोसरो ॥ दोस्रो आरती (२)

तेश्रो आरती सरस्वतीलाई ।

चरण कमलमा सिर निहुराई ॥

तेस्रो आरती, सरस्वतीलाई रिजाऊ जाई ॥ तेसरो आरती, (३)

चौथो आरती चतुर्मुखी ब्रह्मा ।

कमलमा आसन बाँधी बस्नु भाको टम्म ॥

चौथो आरती, सृष्टिकर्ता ब्रह्माजीलाई ॥ चौथो आरती, (४)

पञ्चम आरती पञ्चैतत्व ज्ञान ।

भजन गर्छौं भगवानको मनमा राखी ध्यान ॥

पञ्चम आरती, ज्ञानका भक्ति जगाऊ शक्ति ॥ पञ्चम आरती, (५)

षष्ठम आरती रामराम कृष्ण भगवान ।

राधालाई साथ लिई देऊ सबलाई ज्ञान ॥

षष्ठम आरती, गोकुलवासी कृष्ण जीलाई । षष्ठम आरती, (६)

सप्तम आरती सपूरका वाति ।

बजाऊ शिव शंखघण्ट चढाऊ वेलपाती ॥

सप्तम आरती, कैलाशबासी भोलानाथलाई ॥ सप्तम आरती, (७)

अष्ठम आरती अष्ठपति दाता ।

भजन गर्छौं भगवानको दुःख छुटाऊ माता ॥

अष्ठम आरती, अष्ठपति दाता दुःख छुटाऊ माता ॥ अष्ठम आरती, (८)

नवम आरती नवै निधी गङ्गा ।

भजन गर्ने भक्तजनको देह गराऊ चङ्गा ॥

नवम आरती, साक्षात हरि वौधरुपले  गरी ॥ नवम आरती, (९)

दशम आरती हरेराम दशरथ पिता ।

लङ्का जिती रामजीले घरल्याउनु भो सीता ॥

दशम आरती, लङ्की रुपले गरिकन खुवले ॥ दशम आरती, (१०)

मुख भाइले घण्टा प्रभु जिब्रा भाइले राला ।

हृदयदेवीले पाउन जलधारा ॥

भजौं सीताराम, गुरु राजा द्यौता सबका मालिक ॥

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन** (प्रकाशोन्मुख )

### ३.२.३. गणेश भजन

गणेश भजन भजनको प्रारम्भ गर्नुभन्दा पहिले गणेशलाइ कुनै बिघ्नबाधा नपरोस् भनी सबै भजन टोली एक ठाँउमा जम्मा भई भजनमा प्रयोग हुने बाद्यबाजनहरु बजाइ गणेशको प्रार्थनात्मक भजन गर्ने गरिन्छ । यसरी प्रार्थना गर्दा भजन गायन अवधिभर कुनै बाधा उत्पन्न नहुने विश्वास रहेको छ । गणेश भजजनको केही अंश निम्न रहेको छ :

जय गणेश जय गणेश जय गणेश देव ।
माता जसकी पार्वती पिता महादेव ॥
चार हात भई दया गर्ने एक दाँत हुने ।
मुसामाथि सवार गरी सिंदुर लगाउने ॥
अन्धालाई आँखा दिने काडीलाई माया ।
अपुगलाई पुग दिने भक्तजनलाई माया ॥
भक्त हामी पुकार गर्छौं शम्भुजीका छोरा ।
भक्ति तिम्रो अधिकै छ काम गर्दै पूरा ॥
जय गणेश जय गणेश जय गणेश देव ।
माता जस्की पार्वती पिता महादेव ॥

**स्रोत : प्युठान जिल्ला बरौल गा.वि.स. मा प्रचलित लोक गीतको अध्ययन**

### ३.२.४ देव वर्णन (भजन)

देव वर्णन विशेषगरी सबै भगवान्को संक्षिप्त वर्णगरी सबै भगवान् प्रतिको समान भाव प्रस्तुत गरिन्छ । यस भजनमा एक जनाले अगाडि भन्ने र अरु सहभागिहरुले अन्त्यमा रहनी राख्ने गरी वालन शैलीमा गाइन्छ । देव वणर्नको केही अंश निम्न रहेको छ -

१ लिला भन्छु संक्षेपले सबले सुनिदेऊ ।

स्थिर मन गरिकन मनमा भजिलेऊ ॥
स्थिर मन गरेर, मनमा भजीलेऊ, सबले सुनिदेऊ ॥
स्थिर मन गरेर

२ भगवानका हजार लिला त्यहाँ मध्ये सब ।
छोटकरीमा बयान गर्छौं लिला उनकै अब ॥
सबले सुन्नुहोस् मनमा भजेहरि एकै चित्त गरी ।
सबले सुन्नुहोस्

३ सारा जगत रक्षा गर्ने इन्द्र देव ठाकुर ।
गाउने भन्ने भक्तजनको सँधैं कृपा राखून् ॥
लेऊ लेऊ शरण लेऊ आफ्नै हित सबैजना सित ॥

४ कैलाशका महादेव भोलानाथ स्वामी ।
नागेश्वर महादेव शरण पर्छौं हामी ॥
गर्छौं नमस्कार, मनले धरी पाउमा परी ॥

५ कामक्ष कामरुप जगत कि माई ।
अन्जान मुर्ख भक्तजन शरण पर्यौं आई ॥
पूर्वै दिशाका कामक्ष माई शरण पर्यौं आई ॥

६ जय गरे पर्शुराम कुल देव थानी ।
अजान मूर्ख भक्तजन शरण पर्यौं हामी ॥
जय गरे पर्शुराम अजान मूर्ख भाई शरण पर्यौं आई ॥

७ गोविन्द मुरारी गोवर्द्धन धारी ।
श्री कृष्ण भगवानले लान्छन् पारी तारी ॥
दक्षिण दिशाका गुह्येश्वरी काँशी छुटाईदेऊ फाँसी ॥

८ रामचन्द्र भगवान सीतादेवी माई ।
ढोग दिन्छौं चरणमा निधार छुवाई ॥
पश्चिम दिशाका बुढानीलकण्ठ बजाऊ शंखघण्ट ॥

९ यस्तै पुकार गरी सब देवताको ।
बयान गर्छौं पुरा नभई अरु देवताको ॥
संक्षेप रितले तेत्तीसकोटी सबै एकै चोटी ॥

१० सभा पोखरी अरुण वरुण शीर ।
घुम्ने खेल्ने देवताले मन पार्देऊ थिर ॥
उत्तर दिशाका हरि भजन गर्छौं शरण तिम्रो पर्छौं ॥

११ महादेव विष्णु भगवान स्वामी ।
संक्षेपले वयान गर्छौं अजान मूर्ख हामी ॥
भगवती माइले सँधै भरि रक्षा गरी ॥
१२ दोलखामा उत्पन्न महादेव ठाकुर ।
पाँचपाण्डव भीमसेन कृपा हाम्रो राखून् ॥
जय गरे सन्सारी नमस्कार गर्छौं शरण तिम्रो ॥
१३ जलपा कालीका मनोहर फेरि ।
सात बहिनी देवीले हृदयमा हेरी ॥
धर्मै देवले शीरमा आउनु वास गरी जाउन् ॥
१४ तमोर पिलुवा अरु गंगा माई ।
दूधकोशी सुनकोशी अरुण बरुणलाई ॥
हरहर गंगाजी अरुण बरुण शरण पर्यौं ॥
१५ आकाशका चन्द्र सूर्य तेत्तीसकोटी तारा ।
पातालका बासुकी नाग आदि सारा ॥
सब्लाई नमस्कार, सिमेभुमे ठाकुर कृपा हाम्रो राखून् ॥
१६ दिंलाका सीताराम राधाकृष्ण देव ।
श्री शम्भु भोलानाथ शरण हाम्रो लेव ॥
हरहर महादेव, पाप हर कष्ट हर ॥
१७ यसै गृहका कुल पितृ थानी ।
भजन गर्छौं भगवानको अजान मूर्ख हामी ॥
यसै गृहका, कुल पितृ थानी शरण पर्छौं हामी ॥
१८ सुन्नुहोस माननीय सज्जन वर्ग यहाँ ।
चारकुने आँगन वढारेर यहाँ ॥
आँगन लिप्छौं, हातमा लिनु गोवर, जल हाली दोवर ॥
१९ चारकुन आँगन बढारेर तहाँ ।
हरिया गोबरले एक छेउ महाँ, आगनी लिपाइ देऊ ॥
आँगनी लिपायौं, हातमा लिनु गोवर जल हाली दोवर ॥
२० हरिया गोबरले लिपे ठाउँ माथि ।
भेटी पैसा मानु चामल धान राखी पाथी ॥
माग्छौं दिव्यै दान, मनले धरी अर्पण गरी गरी ॥

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन (प्रकाशोन्मुख )**

### ३.२.५ श्री कृष्ण लीला ( भजन )

श्रीकृष्ण लीला विशेषगरेर भगवान् श्रीकृष्णसँग सम्बन्धित भएर गाउने र पुरुषहरुले श्रीकृष्णका पोशमा सजिएर श्रीकृष्णले गर्ने विभिन्न अभिनय गर्ने गरिन्छ । यस गायनमा खैजडी, मादल, झ्याली बाँसुरी लगायतका बाद्यबादनका साधनहरु प्रयोगगरी सामूहिक रुपमा गाउने चलन रहेको छ । श्रीकृष्ण चरित्र भजनको केही अंश यसप्रकार रहेको छ -

लीला भन्छु संक्षेपले सब्ले सुनिलेऊ ।
कोही छैन आदर सादर मनमा भजिलेऊ ॥
स्थिर मन गरेर, तनले हरि मनले हरि ॥ १
हरिजीका हजार लीला त्यहाँ मध्ये सब ।
संक्षेपमा बयान गर्छौं कृष्ण लीला अव ॥
सुन चित्त लाएर, मनमा भजे हरि सफै चित्त गरी ॥
सुन चित्त लाएर ॥ २
चतुर्वाहु नारायण त्रैलोकका हरि ।
पृथ्वीमा पाल्नु भयो लीला कुन कुन गरी ॥
मानिस समान भई ॥ त्रैलोक्यका हरि लीला कुन कुन गरी ॥ ३
चतुर्वाहु नारायण त्रैलोक्यका हरि ।
परबाट पाल्नुभयो छमछम गरी ॥
गुप्तै हिसाबले ॥ गोपीनीलाई पनि निम्ता गर्न यदि ॥
गुप्तै हिसाबले ॥ ४
भगवानले छल गरी हेरे त्यसैगरी ।
मनले विचार गरीकन सारा किनार भरि ॥
निम्ता पठाए ॥ सोरसय गोपीनीलाई ॥ ५
धन्य धन्य भगवानले निम्ता गर्नु भाको ।
सोह्रसय गोपीनीले हेर थाहा पाको ॥
भए सारै खुशी ॥ भगवानले फेरि निम्ता गर्दा खेरी ॥ ६
भन्ने साथ यस्तो वात भगवानबाट ।
के के निम्ता भाको भनी आफू आफू साथ ॥
गर्छन् सल्लाह ॥ सोह्रसय सबै जम्मा ॥ ७
भगवानका सामुन्नेमा सबै गोपी गई ।

सोध्न लागे बराबर साह्रै खुशी भई ॥
केको निम्ता हो ॥ आयौ धाई धाई भन्देऊ है ॥ ८
विन्ती यस्तो गोपीनीको कृष्णजीले सुनी ।
त्यसैबेला भगवान कृष्णजीको पनि ।
भयो हुकुम ॥ गोपीनीलाई पनि जमुना जाऊ भनी ॥ ९
रथमा राखी गोपीनीलाई भगवानले तहाँ ।
हर्ष भई जहाँ भए एकै क्षणमहाँ ॥
पुगे जमुना ॥ सोह्रसय सबै जम्मा भए ॥ १०
कोही दिन कोही बार गोकुलपुरमा पनि ।
सोह्रसय गोपीनी जम्मा भए अनि ॥
खुशी भएर ॥ मनका सुरमा गोकुल पुरमा ॥ ११
चन्दन अक्षता धुप द्विप वाती ।
पुष्प भेटी नैवेद्य ताम्बुल थाली माथि ॥
जम्मा गरेर ॥ गोपीनीले पनि कृष्ण पूजा भनी ॥ १२
सोह्रसय गोपीगण भगवानलाई ।
पूजा गर्छन् कृष्णजीको मनमा खुशी भई ॥
साह्रै प्रिती गरेर ॥ साक्षत हरि, पूजा गरी ॥ १३
पूजा विधि सकिकन गोपीहरु फेरी ।
स्नान गर्न जाँदा भए छमछम गरी ॥
पुगे किनारमा ॥ सोह्र सय सबै जम्मा भए ॥ १४
पुगीगए गोपीहरु सारा किनार भरि ।
स्नान गर्ने विचार गरी हेर्छन् वारिपारी ॥
पुगे किनारमा ॥ स्नान गर्न भनी गोपीहरु अनि ॥ १५
फुकाइहाले सब्ले बस्त्र पाखा राखे सारी ।
पसि गए जमुनामा हातेमालो गरी ॥
हाने झम्केफाल ॥ गैरी भन्ने जमुनामा ॥ १६
चतुर्वाहु नारायण त्रैलोक्यका हरि ।
परबाट पाल्नुभयो छमछम गरी ॥
गुप्तै हिसाबले ॥ गोपीनीले पनि थाहा पाउँछन् कि भनी ॥ १७
गोपीनीका सारी हर्न भनी कृष्ण आका ।
लुक्दै लुक्दै भगवान कृष्ण किनारमा गाका ॥
छलै गरेर ॥ गोपीनीका सारी एकै पोको पारी ॥ १८

कोहीका बस्त्र राता थिए, कोही बस्त्र काला ।
चतुर्वाहु नारायणले पारे सालाखाला ॥
बाँधे कुटुरो ॥ गोपीनीका सारी सोहोर साहर पारी ॥ १९
बाँधीहाले एकै पोको भगवान हरि ।
बोकीकन जानुभयो कदमका घारी ॥
भयो एक भारी ॥ बोकी हातले सारी घोस्से मुण्टो पारी ॥ २०

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन (प्रकाशोन्मुख )**

### ३.२.६ गोपीनी नृत्य ( भजन)

गोपीनी नृत्य मुख्यरुपमा पुरुषहरुले महिलाको पोशाक लागाइ विभिन्न हाउभाउसहित तीनदेखि चारजनासम्मको समूहले दर्शकसामू नृत्य प्रस्तुत गर्ने गर्दछन् । विशेषगरी यस नृत्यले श्रीकृष्णको रुप रङगमा गोपीनीहरु मेहित भएको र कृष्णले गरेका विभिन्न विगार वा बद्मासीलाई देखाउँदै दर्शकहरुलाई धार्मिक रस्वादन पनि पस्कने काम गर्दछ । गोपीनी नृत्यको भजन निम्नानुसार रहेको हुन्छ :

खवर गरी लेऊ माई दिक्क लाए कृष्णले
थपक पानी घाटमा भेटी छेकी झोंकले
गगनी हाम्रो फोरी दिए माई तिम्रा लालले
दूध तताई ठीक्क थियो राख्न बाँकी कामले
तर निकाली खाइदिए माई तिम्रा लालले
दही मथेर नौनी थियो जाई हाँसी मुखले
सरक जाईचोरी दिए माई तिम्रा लालले
दही निकाली ठेकीदेखि खाई पोखी रिसले
गरी पिसाव फोरिदिए माई तिम्रा लालले
दुहुन बाँकी देखि गाई गई बाछो हातले
दुहुन नदीई फोइदिए माई तिम्रा लालले
कहन पनि लाजमर्नु आई सामु नक्कले
ओठ हाम्रो टोकिदिए माई तिम्रा लालले
मसक्क मस्की सामु जाई सारी तानी झोँकले
चरक्क चिरी फारिदिए माई तिम्रा लालले
कसरी खपीसक्नु सँधै श्री प्रभुनाथ श्यामले
हामीलाई पीर पारे राम राम राम राम ॥

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन (प्रकाशोन्मख )**

### ३.२.७ राधा लीला ( भजन )

राधा लिलामा भगवान् राधाले श्रीकृष्णलाई छक्क्याउनका लागि विभिन्न रुप धारण गरेको र श्रीकृष्णले राधाजीलाई खोजेको र श्रीकृष्णले राधालाई भेटेपछि राधाले आफू पहिलोपटक घरबाहिर निस्केको र डरलागि रहेको भनेर बोलेको कुरालाई आकर्षक ढंगमा प्रस्तुत गरिन्छ भने राधाले आफ्ना सखीहरुसँग मिलेर श्रीकृष्णसँग खेल्न गएको र श्रीकृष्णको मायामा मोहित भएको कुरालाई पनि देखाइन्छ । यसमा पुरुषलाई नै राधाको रुप धारण गराइ राधा बनान्छ भने पुरुषलाई पनि श्रीकृष्णको पोशाक पहिरनमा भजनको आशय अनुरुप लिला देखाइन्छ । जुनको भजनको केही अंश निम्नानुसार रहेको छ :

भगवानका हजार लिला त्यहाँ मध्ये सब ।
छोटकरीमा वयान गर्छौं राधा लिला अब ।
सबले सुन्नुहोस् ॥ मन्मा भजे हरि एकै चित्त गरी ॥ १
सात द्विप नव खण्ड चौधै भुवनका ।
हेरीकन रक्षा गरुन सबै भक्त जनका ।
लिला बताउँछौं ॥ कृष्ण औतार भगवानको ॥ २
राधा र हरिजीको मन मिलीगाको ।
राधा भेट्न भनिकन कृष्ण जानुभाको ।
त्यसै मौकामा ॥ संजोगले फेरी, जमुना जाँदाखेरी ॥ ३
त्यसै बेला राधाजी लक्ष्मी रुप भइन् ।
मनले विचार गरिकन गोकुलपुरमा गइन् ।
औतार लिएकी ॥ लक्ष्मी राधा भइन् , गोकुलपुरमा गइन् ॥ ४
भेट भयो कृष्ण सित राधाजीको पनि ।
के कामले आयौ तिमी कहाँ जान्छेऊ भनी ।
गरे सोधनी ॥ राधाजीलाई देखि, बाटो छेकी छेकी ॥ ५
को हौ हे ! कहाँबाट यहाँ ।
कहिले पनि देखिन्नथ्यौ यस मुलुकमा ।
बोल्नै सकिनन् ॥ सुन्दर मुर्ति भगवानलाई देख्दा ॥ ६
यस्तो सुनी राधाजीले भगवानको बोली ।
बोल्न केही नसकी राधा भइन् टोली ।
मोहित भएर ॥ कृष्णजीको बोली, सुन्दा भइन् टोली । ७

केही बेरसम्म मोहित भए त्यहाँ राधा हरि ।
वर्णमूर्ति भगवानका सामुन्नेमा परी ।
दिइन् उत्तर ॥ हाँसी हाँसी, भगवानलाई ॥ ८
सुन्नुहोस् मेरा बुवा बृषभानु भन्ने ।
आमा मेरी किर्तिका हुन् छोरी राधा कन्ये ।
मै हुँ भन्दछिन् ॥ किर्तिकाकी कन्ये छोरी राधा भन्ने ॥ ९
घर छाडी आजसम्म कतै नगएकी ।
आज मात्र यमुनामा स्नान गर्न आकी ।
तव देख्नु भएन ॥ घर वरिपरि बस्थैँ सधैंभरि ॥ १०
भगवानले यस्ता वचन राधाजीको सुनी ।
यसैगरी नारायण भगवानको पनि
भयो हुकुम ॥ मनकी हित, प्यारी राधा सित ॥ ११
आफन्त हुन ति त बृषभानु भन्ने ।
उनै छोरी रहिछ्यौ तिमी राधा कन्ये ।
डाक्छु खेल्नलाई ॥ तिमी हाम्रा घर आउने जाने गर ॥ १२
यस्ता बचन सुनेर राधा मोहित भइन् ।
आफ्ना साथी जम्मा गरी वहाँ उनी गइन् ।
खेल्वाड गर्दछन् ॥ साथीहरुले पनि, चाल पाउँछन् भनी ॥ १३
आफ्ना साथी जम्मा गरी आइकन फेरि ।
छड्के नजर राधाजीले कृष्णजीलाई हेरी ।
फर्किन् राधाजी ॥ सरासर गइन्, आफ्ना घर फर्किन् ॥ १४
भेट होला कृष्णसित अब कहाँ भनी ।
सम्झिन राधाले तिनै कुरा पनि ।
गर्छिन विचार ॥ केहीबेर सम्म, विचार गर्दा टम्म ॥ १५

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन** ( **अप्रकाशित** )

### ३.२.८ राधा प्रति कृष्ण ( भजन )

यस भजनमा भगवान् श्रीकृष्णले राधासँग वनविहार गर्न जान गरेको आग्रह र वृन्दावनको वर्णन गरिएको छ । राधासँग बाल्यकालमा खेल्न, घुम्न गएको साथै श्रीकृष्णले वृन्दा वनको वर्णन राधालाई सुनाएको विषयलाई समेटिएको हुन्छ । यस भजनमा पनि

पुरुषलाई नै महिलाका आभूषण पहिऱ्याइ र पुरुषलाई पनि श्रीकृष्णले लगाउने पोशाक तथा आभूषण लगाइ भजनको आशयसँगै वार्तालाप गराइन्छ । जुन भजनको केही अंश यस प्रकार रहेको छ :

सुन्यौ प्यारी ! नजर लाऊ वृन्दावन तरफ जाऊ ।
विहार वनको गरी आउँ यता आऊ नहे राधे ॥
कतै छन् कोयली बोल्ने मधुर ताना गरी छेड्ने ।
विलासीको तुजुक तोड्ने यता आऊ नहे राधे ॥
कतै भुँ भुँ गरी डुल्छन् भ्रमर्गण भुल्छन् फूलमा झुल्छन् ।
घुमी आनन्द रस लिन्छन् यता आऊ नहे राधे ॥
कतै गर्ने चरा खल्बल कतै बोल्दो छ त्यो बुलबुल ।
कतै न्याहुलीको खुल्दुल यता आऊ नहे राधे ॥
कतै छन् पोखरी टलपल भूमिमा त्यो दुबो पल्पल ।
कतै कोमल लता झुल्छन् सुगन्ध छाई फूल फुल्छन् ।
कतै लाल पालुवा मिल्छन् यता आऊ नहे राधे ॥
कतै गम्भीर छायाँले घना ज्यादी भएकाले ।
अति शीतल छ हावाले यता आऊ नहे राधे ॥
कतै बीच बीचमा टम्म लताका कुञ्ज छन् गम्म ।
प्रिये ! जाऊ त्यहाँ सम्म, यता आऊ नहे राधे ॥
मलैया चल गिरीदेखि चली हावा लिने सेखी ।
छ स्वर्ग हामरा लेखी यता आऊ नहे राधे ॥
सबै शोभा नजर लाऊँ गराऊ दिल वहार जाऊँ ।
विभिन्को सौख लिई आउँ यता आऊ नहे राधे ॥
मन्दको शर उखाडेर शरीरको ताप हटाएर ।
फिरौं सन्तोष बढाएर यता आऊ नहे राधे ॥
गरौं प्रिती अति राम्रो नफुटोस् जोडी यो हाम्रो ।
प्रभु नाथ हुँ म ता तिम्रो यता आऊ नहे राधे ॥

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन (प्रकाशोन्मुख )**

### ३.२.९. कृष्णचन्द्रजीको भजन

यो भजन भक्तजनहरुले श्रीकृष्णको भक्तिको लागि गाउने गरिन्छ । यसमा कुनै पनि लिला देखाउने काम गरिदैन । भजन गानमा सहभागिहरुलाई तथा भजनमा खेल्ने, नाच्ने कलाकारहरुले विश्राम गरेको शून्य समयमा अन्य सहयोगीहरुले गाउने गरिन्छ । जुन यस प्रकार रहेको छ :

वृन्दावनमा जंगल भारी
फलफूल तरुतृणा लहरा धारी ।
कलपलता भनी भक्त सहारी
संझी बसेका कृष्ण मुरारी ।
न्याहुल कोइली शुकवक सारी
अर्ना गज मृग केशरी भारी ।
कल्पतरुको रम्य छहारी
सम्झि बसेका कृष्ण मुरारी ।
वरिपरी गोप र गोप कुमारी
भरिभरी टपरीमा दही सारी ।
खाँदै मिलीजुली हर्ष उमारी
सम्झि बसेका कृष्ण मुरारी ।
श्यामल वर्ण छ मेघ सरीको
उही छ प्रकाशक सृष्टि भरिको ।
चन्द्र मुरारी पीताम्बर धारी
सम्झी बसेका कृष्ण मुरारी ।
कानस कुण्डल लोचन माला
कौस्तुव मणिको हार गलामा ।
कङ्कण भूषण चम्म पारी
सम्झि बसेका कृष्ण मुरारी ।
केशर चन्दन कर्पुर लगाई
वनभरी गम्म सुगन्ध चलाई ।
मुसु मुसु हाँसी हँसिलो पारी
सम्झि बसेका कृष्ण मुरारी ।

सुन्दर पहिरीकन वन माला
पार्दै सबका मन उज्याला ।
कलिका काला मलपर सारी
सम्भि बसेका कृष्ण मुरारी ।
मन्द सुगन्ध वतास उहीछ
गंगापद तलबाट बहिन्छ ।
प्रभुका सुन्दर कोमल पाउ
भिजीरहू हे स्वच अन्त नजाऊ ।
अतिशय सुन्दर वान्छित दाता
सुरनर दानव मान्स विधाता ।
प्रभुका चरण नछोड आँखा
नदगुर पर पर पाखा पाखा ।
अति मुरलीधर कृष्ण पियारे
तिमी हौ जगतका नाथ मुरारे ।
प्रभुका पदको दर्शन पाउँ

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन (प्रकाशोन्मूख )**

## ३.२.१० आत्मादेव वर्णन (लीला)

यस भजनमा मुख्य रुपमा आत्मादेव ब्राह्मणका कुनै पनि सन्तान नभएका कारण पारिवारि समस्याले आक्रान्त बनेर घरबाट निस्किएर समस्याको समाधान खोज्न हिंडेका उनी नदीको किनारमा बसेर तपस्या गरिरहेका बेला भगवान् महादेवले रुप परिवर्तन गरी विश्वामित्र ऋषिको रुप धारण गरी आत्मादेव बसेका ठाँउमा गएका र उनलाई सात जन्मसम्म सन्तान हुन नसक्ने बताएका तर आत्मादेवेले जसरी पनि आफूलाई सन्तान चाहिएको भनी गरेको अनुरोध र त्यो अनुरोधबाट प्रभावित भई ऋषि रुप धारण गरेका भगवान् शिवले सन्तानका लागि एउटा फल दिइएको र सो फल आफ्नी श्रीमतीलाई खान दिन भनेको तर श्रीमतीले नखाइ गाईलाई खान दिएको घटनालाई भजनको शैलीमा ऋषि र ब्राह्मण भेषमा भजन टोलीका मानिसहरुलाई दर्शक माझमा भजनात्मक संवाद गराइ प्रस्तुत गरिन्छ । सो अवसरमा गाइने भजनको अंश निम्न रहेको छ -

लीला भन्छु संक्षेपले सुनी लेऊ ।
कतै छैन आदर सादर मनमा गुनी लेऊ ॥

स्थित मन गरेर ॥ भित्री मनमा गुन, चित्त लगाई सुन ॥
हरिजीका हजार लीला त्यहाँ मध्ये सब ।
छोटकरीमा बताउँछौं आत्मादेवको अब ॥
सुन चित्त लाएर ॥ शरीरले गरी, भित्री मनले धरी ॥
जगतका अधिपति शुकदेव स्वामी ।
छोटकरीमा वयान गर्छौं उनकै लीला हामी ॥
आत्मा देवैको ॥ इतिहास सुन सबले खासा ॥
दैव संयोग आत्मादेवले यस्तो कुरा गनी ।
अब मैले घरमा बस्नु योग्य छैन भनी ।
घरबार त्यागेर ॥ गए घोर वनमा, सन्तोष छैन मनमा ॥
अब मैले घरमा बसी के को आशा लिनु ।
धन द्रव्य जम्मा गरी कसलाई खान दिनु ॥
यो कुरा सम्झेर ॥ गए घोर वनमा, सन्तोष छैन मनमा ॥
घरको धन जति त्यागी सबै छाडीदिए ।
मायाँजाल छोडीकन आफ्नो बाटो लिए ॥
कठैवरी लै ॥ भावीले लेख्यो, दैवले देख्यो कठैवरी लै ॥
वृन्दावनमा रिशेश्वर त्यहीं घुम्दै थिए ।
पानी प्यास लाग्दाखेरी जल खोज्दै थिए ॥
यताउति हेर्दामा ॥ जलको तलाउ भेटी, आफ्नो प्यास मेटी ॥
सोही वनको तलाउमा सन्यासीको रुप ।
दर्शन दिई भगवानले मायाँ राखे खुव ॥
योगी रुप गरेर ॥ कैलाशवासी, छुटाउइदेऊ फाँसी ॥
अब भगवानको वात आत्मादेवलाई ।
वताइदिनु पर्‍यो भनी दया उठ्न आई ॥
त्यसै मौकामा ॥ वाणी उनको भयो, दया उठ्न गयो ॥
सन्यास रुप शिवजी भोलानाथले फेरि ।
भन्नुभयो आत्मादेवलाई मधुर स्वर गरी ॥
बताइ बक्सियोस् ॥ भएभरका कुरा, आफ्नो नाथलाई पूरा ॥
छोराछोरी नहुँदा ॥
आएँ घोर वनमा, सन्तोष छैन मनमा ॥
तुङ्ग भद्र तीरमा थियो खेती घर ।
सयार गर्ने कोही छैनन् भएँ थरथर ।

यो कुरा सम्झेर ॥ आएँ घोर वनमा,  सन्तोष छैन मनमा ॥
हजुरका आशिर्वादले एउटा पुत्र देऊ ।
म अनाथ ब्रह्मणको शरण पिछा लेऊ ।
भन्छन् ब्राह्मणजी ॥ वर्वर आँशु झार्दै, मनमा गाँठो पार्दै ॥
यस्तो विलाप आत्मादेवको भोलानाथले सुनी ।
शिवस्वामी भोलानाथले मनमा कुरा गुनी ।
हस्तरेखा हेरेर ॥ सतै जन्म पनि, सन्तान छैन भनी ॥
सन्यास रुप भोलानाथको यस्तो वचन सुनी ।
विलाप गर्छन् ब्राह्मणजी मनमा कुरा गुनी ।
विचार गरेर ॥ पऱ्यो मलाई मर्म, धिकार मेरो कर्म ॥
यस्तो सुन्दा आत्मादेव मधुर स्वर गरी ।
रुन लागे शंकरजीका सामुन्नेमा परी ।
विलाप गरेर ॥ मनमा उड्यो हुरु, रुनछन् धुरु धुरु ॥
अपुत्रालाई हेर्दा खेरी दोष हुन्छ भनी ।
ऋषिमुनि राजा च्यौता गुरुहरु पनि ।
भन्छन् वेदैल ॥ दोषै हुन्छ, अगत पनि हुन्छ ॥
स्नान गरी त्यस्तासित बोल्यो भने पनि ।
ननुहाई शुद्ध हुन्न श्री सूर्यलाई नहेरी ।
भन्छन् ब्राह्मणजी । नमस्कार गर्दै, वर्व आँशु झार्दै ॥
बाह्र तोला सुन दान गरिकन अनि ।
शुद्ध हुन्छ अपुत्राको मुख हेर्दा भनी ।
विलाप गरेर ॥ शिव भोलानाथ, ब्राह्मण उनका साथ ॥
जन्मभरका अपुत्रा त साह्रै पापी हुन्छन् ।
शुभ काममा बोल्यो भने कामै नासिदिन्छन् ।
विलाप गरेर ॥ शिव भोलानाथ, ब्राह्मण उनका साथ ॥
यस्ताले दिएको तर्पण पिण्ड पानी ।
पाउँदैनन् पितृहरुले कुनै लोकमा पनि ।
**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन (प्रकाशोन्मुख )**

### ३.२.११ धन्धुकारीको उपद्रव

यस भजनमा आत्मादेव र धन्धुलीको छोरो धन्धुकारीले गरेको उपद्रोलाई अभिनयसहित देखाउने गरिन्छ । आत्मादेवलाई ऋषिले सन्तान हुने फल दिएपछि धन्धुलीले छल गरेर नखाइ गाईलाई दिपछि गाईबाट गोकर्णको जन्म भएको र धन्धुलीकी बहिनीबाट जन्मिएको सन्तानलाई धन्धुलीले छलगरी पालेको छोरो धन्धुकारी हुन्छ । गोकर्ण ज्ञानी हुन्छ

तर धन्धुकारी फटाहा हुन्छ र त्यही फटाहा धन्धुकारीले गरेका नराम्रा कार्यहरुलाई भजनका माध्यबाट व्यक्त गरिन्छ । जुन भजनको केही अंश  यस प्रकार रहेको छ -

धन्धुलीको छोरो धन्धुकारी थियो पापको भारी ।
गाउँघरमा सँधैभरि हिँड्थ्यो चोरी गरी ।
जान्थ्यो गाउँघरमा ॥ वरिपरि, साह्रै चियो गरी ॥
ठूलो ठूलो उपद्रो गरी गाउँ हिड्थ्यो ।
कतै गोठघरमा आगो लगाइदिन्थ्यो ।
हिड्थ्यो गाउँघरमा ॥ शम्भु भोला, विषको गोला ॥
पाँच वेश्या लिइकन धन्धुकारी आयो ।
माता पिता भाइदेखि साह्रै ठूलो भयो ।
यादै नराखी ॥ चिताएको कुरा, सबै गर्थ्यो पूरा ॥
यस्तो कुरा आत्मादेवले त्यस्तो देखि लिए ।
गोकर्णलाई भन्न भनी मनमा लहड लिए ।
अब कसो गर्नु हो ॥ भन्छन् हरि, मनमा विचार गरी ॥
घरको धन जति त्यसले सबै उडाइलियो ।
आफ्नी आमा धन्धुलीलाई साह्रै दुःख दियो ।
खोइ धन भनेर ॥ कसलाई खान दिइस्, मेरो इज्जत लिइस् ।
बाँधिहाल्यो आमालाई कुटपिट गर्दै ।
रुन लागिन् धन्धुली आपदमा पर्दै ।
नदीमा हामफालिन् ॥ धन्धुलीले पनि प्राण त्यागछु भनी ॥
आमा मरिसकेपछि धन्धुकारी फेरि ।
गाउँघर हिँड्थ्यो सबको धनमाल चोरी ।
डुल्थ्यो गाउँघरमा ॥ पापको भारी, धन्धुकारी ॥
यति सुनी गोकर्णले मनमा याद गरी ।
हे पिता हजूरले अबदेखि फेरि ।
जानुहोस् तीर्थैमा ॥ हरि भजन गर्दै, भर उनकै पर्दै ॥
अकस्मात गोकर्णले उपदेश दिए ।
आत्मादेव ब्राह्मणले आफ्नो बाटो लिए ।
विदा दिनुभो ॥ पिताजीलाई पनि, तीर्थ गर्न भनी ॥
चतुर्वाहु गोकर्ण आफू पनि गए ।
धन्धुकारी महल रुँगी घर वस्ता भए ।
खुशी भएर ॥ वेश्याका साथमा, रसिला वातमा ॥

यस्तो चाल त्यस्तो देखि वेश्याहरु फेरि ।
अब कसो गरौं भनी सबले मतो गरी ।
पाँचै वटी मिलेर ॥ जय जय हरि, एकै मतो गरी ॥
भन्न लागे वेश्याहरु एक मतो गरी ।
यस्ले धन चोरी ल्याउँदा हामीलाई फेरि ।
लान्छन् बाँधेर ॥ धाइकन जाई, सिँपाही पुलिस आई ॥
अब हामी यसलाई मारी घर फर्की जाऊँ ।
भएको धन जति सबै बाँकी खाऊँ ।
यै मतो गरेर ॥ आफ्नो मनको कुरा, गरीछोडौं पूरा ॥
एकदिन धन्धुकारी सुकलामा थिए ।
वेश्याहरु मतो ढगरी त्यसलाई मारीदिए ।
लाए खाडलमा ॥ मुखमा आगो रोपी, माटामा छोपी ॥
पापी र कुकर्मी धन्धुकारी थिए ।
वेश्याहरुले मतो गरी त्यसलाई मारीदिए ।

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन** (**प्रकाशोन्मुख** )

## ३.२.१२ हनुमानले लङ्का जलाएको (हनुमानको सुरता)

यो भजन राम लीलासँग समन्धित भजन हो । यसमा रावणले सीतालाई हरण गरेर लङ्का लगेपछि सीतामातालाई खोज्न गएका हनुमानले आफ्नो सूरता र वीरता देखाउँदै लङ्का जलाएको घटनासँग सम्बन्धित रहेर गाइन्छ भने मानिसलाई बाँदरको रुप धारण गराइ वरिपरि घुम्न लगाइन्छ र पुच्छरमा आगोलगाइ लङ्का जलाएको झल्को देखाउने प्रयास गरिन्छ । यस भजनको केही अंश यस प्रकार रहेको छ –

नगर बाँनर धेर अपशोच शोक गरी के हुन्छ र रोज ।
हेरी तमासा गर्दै तर्दछ जलधि नगरे सोच ।
हुँ मत हनुमान जान्छु म लङ्का धाक जमाई पिट्नु छ लङ्का ।
मै बहुरुपी एक नै क्षणमा सरर घर घर घुम्दछु दिनमा ।
खोज लगाई रामकी रानी तब त पिउँला एकमुठी पानी ।
हेर्छु रमिता राक्षस पुरीको गर्छु म बाटो सब धुरी धुरीको ।
जानकीजी कन दिई भरोसा राक्षसहरुमा पार्छु गोस्सा ।
बाग उजारी फलफूल खान्छु राक्षस आए मुक्किले हान्छु ।
कोही लडाई कोही शीला तिर हानी बजार्छु ।

कोही निमोठी कोही निचोर्छु उफ्री कति त रोटी पार्छु ।
कोही भिडाई कोही लडाई मुड्की उज्याई फोड्छु भुँडी ।
छु अति बलियो हुँ हरिदास राक्षसहरुको पार्छु विनाश ।
गर्छु चमत्कार, खेल्छु भकुण्डो राक्षसहरुको मुन्टो चुँडी ।
रामणसँगमा वात दुई-चार गरिकन मात्रै फिर्दछु वार ।
जब यति गरला अञ्जनी पुत्र, भन्नु हरिको दूत ।
वानर माथि राम खुशीला पार्छु सजिलै गर्दछु लीला ।
डर भर कत्ति छैन मलाई जे परी आउँछ गर्छु रमाई ।
जानकीको लीई समाचार हुन्छु गर्नु विचार ।
स्वस्थ्य भइकन रहुँ सब वानर बीर छदै किन हुन्छौ काँतर ।
श्री प्रभुनाथको लिन्छु म नाम जान्छु विदा देऊ गर्छु काम ।
**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन** (**प्रकाशोन्मुख** )

### ३.२.१३. रामचन्द्र प्रति हनुमानको निवेदन (भजन)

यस भजनमा सीतामातालाई खोज्न गएका हनुमानले सीतामातालाई खोज्न गरेको कष्ट र आफूले झिंगाको रुप धारण गरी सीतामातलाई खाजी गरेको र ज्यादै कष्ट भएको कुरालाई भजनमार्फत वर्णन गरिन्छ । जुन भजनको केही अंश निम्न रहेको छ :

जवतन भयो खल्लबल्ल अंगदादिमा ।
जलधि तर्न कमर कसें रामचन्द्रजी ।
धलधि माथि उफ्री उफ्री जब पार तर्‍याँ ।
शहर नजर पर्न गयो रामचन्द्रजी ।
जनक सुता खोजी गरी मख्खी रुप लिई ।
दगुरी दगुरी शहर घुमें रामचन्द्रजी ।
शहर भित्र भेटिइनन् कहीं जानकी ।
सिसौ विपिन बीच गएँ रामचन्द्रजी ।
बुझुँ हालचाल भनी बृक्षमा चढी ।
सकल चरित्र हेरीलिएँ रामचन्द्रजी ।
वरिपरि निऋृति लिई आई रावण ।
लमकी झमकी बहुत गर्‍यो रामचन्द्रजी ।

वरण गर्न दुई मास दिई गयो ।
सरर अशुत आईपरे रामचन्द्रजी ।
चटनी पारी खाउँ भन्छन् कति ।
कटट कटट दाँत किटी रामचन्द्रजी ।
यसरी अतिचार हुँदा जानकीजीले ।
शरीर जलन चित्त धरिन् रामचनद्रजी ।
अब त शरण छैन कतै राम, राम, राम ।
धुरुधुरु रोई भनिन् रामचन्द्रजी ।
म पनि त्यतिबेर पुगेँ सामु भेटन ।
सकल खवर बाचिलिएँ रामचन्द्रजी ।
बहुत दिई ददिलासा लिई सम्मति ।
फलफूल खान गएँ रामचन्द्रजी ।
सहज वाग छिन्नभिन्न पारीदिकन ।
सकल असुर मारिदिएँ रामचन्द्रजी ।
खवर सुनी अक्षयकुमार आउँदो भो ।
उ पनि सहज मारीदिएँ रामचन्द्रजी ।
कमर कसी इन्द्रजीत आई पासाले ।
टमक मकन बाँधिलियो रामचन्द्रजी ।
म पन केही वातचित रावणैसँग ।
गरन भनी हात परें रामचन्द्रजी ।
ठक्कर दुई चार दिएँ झोंकले ।
मरम बहुत तोडिदिएँ रामचन्द्रजी ।
म पनि उफ्री उफ्री घरघरै घुमें ।
शहर भषम पारें रामचन्द्रजी ।
पुच्छर चोबी जलाधी भित्र अग्नि शान्त भो ।
म पनि बहुत स्वस्थ भएँ रामचन्द्रजी ।
जनक सुता फेरि भेटी लिई विदा फिरें
सकल फौज भेट भयौं रामचन्द्रजी ।
खवर प्रभुनाथ ! विन्ति दासले गऱ्यौं ।
समर गर्न जानुपऱ्यो रामचन्द्रजी ।

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन (प्रकाशोन्मुख )**

### ३.२.१४ आशिष

आशिष सम्पूर्ण भजन सकिए पश्चात्  जुन घरमा भजन किर्तन गर्न्छि त्यो घरका सम्पूर्ण परिवारका सदस्यहरुलाई वरिपरि राखेर हातमा फूल अक्षता वा फूलपाती लिई नाङलामा धान,  चामल राख्ने र दियो बाली भेटी राखिन्छ ।  भजन गायनका सदस्यहरु गोलबद्ध भई खैजडी तथा अन्य बाद्यबाजनका साधनहरु बजाइ आशिष दिने काम गरिन्छ । जुन आशिषको अंश निम्न रहेको छ :

सुन्नुहोस् माननीय सज्जन वर्ग यहाँ ।

अब हामी आशिष दिन्छौं भक्तहरुमा ।

दिन्छौं आशिष ॥ आशिषको कुरा, सबै होउन्  पूरा ॥ १

दिंलाका सीताराम राधाकृष्ण देउ ।

श्री शम्भु भोलानाथले शरण यिनको लेऊ ।

उनै दिउन् आशिष ॥ पापै हर कष्टै हर ॥ २

यसै गृहका कुल पितृ थानी ।

उनै दिन्छन् आशिर्वाद भक्त आफ्नै ठानी ।

दिन्छन् आशिष ॥ आफैं नाथ, खुशी साथ ॥ ३

सभा पोखरी अरुण बरुण सिर ।

यिन यिन भक्तजनको मन पार्देऊ थिर ।

यहि भो आशिष ॥ चिताएको कुरा, सबै होउन् पूरा ॥ ४

दोलखामा उत्पन्न महादेव ठाकुर ।

पाँच पाण्डव भीमसेनले कृपा यिनमा राखुन् ।

जय गर संसारी ॥ शीरमा आइदेऊ, बास गरी जाइदेऊ ॥ ५

यिन यिन भक्तजनको लामो आयु हुनु ।

रोगव्याधि दु:खले कहिल्यै नछुनु ।

यहि भो आशिष ॥ धन दौलथ आओस्, समृद्धिले छाओस् ॥ ६

बालबच्चाहरु सबै चीरञ्जीवी रहुन् ।

पछि गई यिनले ठूलो मान पाउन् ।

दिन्छौं आशिष ॥ ढाँटेको होइन, झुट्टा कुरा छैन ॥ ७

ठूला ठूला घर होउन् कर्कटपाता ठोक्ने ।

ठूला ठूला खेती होउन् बेठी लगाई रोप्ने ।

यहि भो आशिष ॥ कैलाशबासी, छुटाइदेऊ फाँसी ॥ ८

अठार पुराण र चारै वेदले अनि ।

बास गरुन यिनका घरमा आई नौ व्याकरणले ।

भक्त जानेर ॥ सरस्वती माई, यिनकै घरमा आई ॥ ९

दशम आरती हरेराम दशरथ पिता ।

लङ्का जिती रामजीले घरल्याउनु भो सीता ॥

दशम आरती, लक्ष्मी रुपले गरिकन खुवले ॥ दशम आरती, (१०)

मुख भाइले घण्टा प्रभु जिब्रा भाइले राला ।

हृदयदेवीले पाउन जलधारा ॥

भजौं सीताराम, गुरु राजा द्यौता सबका मालिक ॥

**स्रोत : नेपाले डाँडा सिम्लेका लोक भजन (प्रकाशोन्मुख )**

### ३.२.१५ निष्कर्ष

प्रस्तुत परिच्छेदमा जम्मा १४ वटा लोक भजनलाई मूल शीर्षक राखेर विभिन्न लोक भजनहरु सङ्कलन गरिएको छ । पहिलो लोकभजन अन्तर्गत सरस्वती स्त्रोत्र चर्चा गरिएको छ जसमा भजन गायनका लागि सरास्वतीमातासँग भजन गायनका लागि शक्ति माग्ने काम गरिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । दोस्रो भजनमा आरती प्रस्तुत गरिएको छ । जस अन्तर्गत सबै भगवान्का नामोच्चारण गर्दै दियो बाली सकेपछि भजनमा प्रयागे गरिने बाद्यबादनसहित गायक कलाकारहरुले हात जोडेर साथै केही गायक कलाकारहरुले खैजडीसहित नृत्य पनि प्रस्तुत गरिने कुरालाई व्यक्त गरिएको छ । तेस्रो भजनमा भगवान् गणेशजीको भजन प्रस्तुत गरिएको छ । जसमा भजन गायनभन्दा पहिले भजन गायनका क्रममा कुनै बिघ्नबाधा नपरोस् भनी बिघ्न हर्ता श्रीगणेशसँग अनुरोध गरिने कुरालाई प्रस्तुत गरिएको छ । चौथो भजनमा देव वर्णनको चर्चा गरिरएको छ । जसमा भजन गायनपूर्व सम्पूर्ण देवताहरुको नमोच्चारण गरिने व्यहोरा व्यक्त गरिएको छ । त्यसैगरी पाँचौं भजनमा श्रीकृष्ण लिलासँग सम्बन्धित भजनको चर्चा गरिएकोछ । यसमा श्रीकृष्णले गर्ने विभिन्न रुप धारण तथा गोपीनीहरुसँगको सामिप्यताका कुराहरुलाई प्रस्तुत गरिएको छ । छैटौं लोक भजनमा गोपीनी नृत्यको भजन प्रस्तुत गरिएको छ । जसमा श्रीकृष्णप्रति गोपीनीहरु मोहित भएको र श्रीकृष्णलाई आफूहरुतर्फ आकर्षित गर्न विभिन्न हाउभाउ सहित नृत्य प्रस्तुत गर्ने कुरालाई उल्लेख गरिएको छ । त्यसैगरी सातौं लोक भजनमा राधा लीलाको भजन प्रस्तुत गरिएको छ । जसमा राधाले पहिलो पटक श्रीकृष्णलाई भेट्दा श्रीकृष्णको रुपले मोहित भएको तथा श्रीकृणलाई झुक्याउन विभिन्न छल गरेको कुरालाई व्यक्त गरिएको छ । त्यसैगरी आठौं लोक भजनमा राधाप्रति कृष्ण भन्ने लोक भजन राखिएको छ । जुन भजनमा श्रीकृष्णले राधालाई वन विहार गर्न जान गरेको अनुरोध र राधाको रुपप्रति कृष्ण मोहित भएको कुरालाई र वनको प्राकृतिक सौन्दर्यलाई कृष्णले राधालाई बयान गरेको कुरालाई भजनमार्फत प्रस्तुत गरेको विषयलाई उल्लेख गरिएको छ । नवौं लोकभजनमा कृष्णचनद्रजीको भजन राखिएको छ । जसमा श्रीकृष्णको रुप, सौन्दर्य तथा श्रीकृष्णले गर्ने कार्यहरुको चर्चा गरिएको छ । त्यसैगरी दसौं लोकभजनमा आत्मादेव वर्णन भन्ने भजन राखिएको छ । जसमा आत्मादेवले सन्तान प्राप्तिको लागि गरेको तपस्या र विश्वामित्र रुपधारण गरेका महादेवका बीच भएको संवादलाई र सन्तान प्राप्तिका लागि ऋषिले दिएको फलको बारेमा यस भजनमा उल्लेख गरिएको छ । त्यस्तै एघारौं भजनमा धन्धुकारीको उपद्र भन्ने भजन राखिएको छ । जसमा आत्मादेव र धन्धुलीको छोरो धन्धुकारीले समाजमा मच्चाएको उपद्रो र बद्मासीलाई भजनात्मक शैलीमा प्रस्तुत गरेको विषयलाई चर्चा गरिएको छ । बाह्रौ लोकभजनमा हनुमानले लङका जलाएको भन्ने

शीर्षकको भजन राखिएको छ । जुन भजनमा रावणले सीतालाई हरण गरेर लङ्का लगेपछि सीतामातलाई खोज्न गएका हनुमानले आफ्नो वीरता देखाउँदै लङ्का जलाएको विषलाई प्रस्तुत भजनमा चर्चा गरिएको कुरा उल्लेख गरिएको छ ।

तेह्रौं लोकभजनमा रामचन्द्रप्रति हनुमानको निवेदन भन्ने शीर्षकको भजन राखिएको छ । जुन भजनमा भगवान् रामचन्द्रप्रति हनुमानले सीतामातालाई खोज्न जाँदा आफूले भोगेको दुःख र सीतामातालाई भटेको र उहाँको अवस्थाका बारेमा उल्लेख गरिएको छ ।

चौधौं लोकभजनमा आशिष शीर्षकको भजन राखिएको छ । यस भजनमा सम्पूर्ण लोकभजनको गायन वा प्रस्तुति पश्चात भजन गायकहरुले त्यस घरको सुख, सम्वृद्धिका लागि दिइने आशिषका बारेमा उल्लेख गरिएको छ ।

यसरी यस परिच्छेदमा नेपाले डाँडा गा.वि.स.मा प्रचलित लोकभजनहरुको अध्ययन गरी तिनको पहिचान गराउने काम गरिएको छ ।

## अध्याय चार

### ४.१. सारांश

भोजपुर जिल्लाको नेपाले डाँडा गा.वि.स. धार्मिक दृष्टिकोणले धेरै अगाडि रहेको गा.वि.स. हो । यस गा.वि.स.का हरेक वार्डमा कुनै न कुनै भजन किर्तन गर्ने समूहहरु सक्रिय रहेका छन् । भने हरेक वार्डमा कुनै न कुनै शक्ति पीठहरु स्थापना गरी पूजाआजा गर्ने तथा धार्मिक आस्था व्यक्त गर्ने काम गरिन्छ । यहाँ लोक गीत, लोककथा, लोकगाथा, लोकनृत्य, लोकभजन लगायतका विविध विधाहरु एकतृत नभई छरिएर रहेका छन् । जसलाई एकीकृत गर्नुपर्ने आवश्यक्ता टड्कारो देखिएको छ । यसरी छरिएर रहेका विषयमध्ये लोकभजन पनि एक हो । जसलाई सङ्कलन गरेर थोरै मात्रमा भए पनि लोकभजनको सामान्य चर्चा गर्ने उद्देश्य लिएर प्रस्तुत अध्ययन पत्र तयार पारिएको हो । यसरी सङ्कलन गरिएका सामग्रीलाई यस अध्ययन पत्रमा पाँच अध्यायमा वर्गीकरण गरिएको छ र हरेक अध्यायमा आवश्यक विषयवस्तु प्रस्तुत गरिएको छ ।

पहिलो अध्याय शोध पत्रको रुपमा रहेको छ । यस अध्यायमा सङ्क्षिप्त रुपमा अध्ययपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनपत्रको औचित्य, अध्ययनपत्रको सीमाङ्कन शोधविधि, अध्ययनपत्रको रुपरेखा आदि शीर्षकहरुको परिचय दिएको छ । यसरी पहिलो अध्याय शोध परिचयको रुपमा रहेको छ ।

त्यसैगरी दोस्रो अध्यायमा लोकभजनको परिचय, परिभाषा तथा यस विधासँग सम्बन्ध राख्ने अन्य विधाहरु जस्तो लोकगीत, लोकगाथा, लोक कविता आदि विधाहरु, संरचना, विशेषता आदि कुराहरुको उल्लेख गरिएको छ ।

त्यसैगरी प्रस्तुत अध्ययन पत्रको तेस्रो अध्यायमा भोजपुर जिल्लामा पर्ने नेपाले डाँडा गा.वि.स.को भौगोलिक अवस्था, भू-वनोट, जनसंख्या,तथा जाति, पेशा, धर्म लगायतका विषयहरुको उल्लेख गरिएको छ । नेपाले डाँडा गा.वि.स.मा प्रचलित लोकभजन अन्तर्गत सरस्वती स्तोत्र, आरती, गणेश भजन, देव वर्णन, श्रीकृष्ण (लीला) भजन, गोपीनी नृत्य भजन, राधा (लीला) भजन, राधाप्रति कृष्ण भजन, कृष्ण चन्द्रको भजन, आत्मादेव वर्णन, धन्धुकारी उपद्रव, , हनुमानले लङ्का जलाएको, रामचन्द्रप्रति, रामचन्द्रप्रति हनुमानको निवेदन, आशिष भजनको सङ्कलन तथा समान्य चर्चा गरिएको छ ।

यसकासाथै लोकभजनहरुको अध्ययन गर्दा स्थानीय भजन गायक, बूढापाका, भजनसँग सरोकार राख्ने व्यक्तिहरु, विभिन्न पूजाआजाका अवसरमा आइएका भजनहरु आदिका

आधारमा  तयार गरिएको छ भने यस अध्ययन पत्रको चौथो तथा अन्तिम अध्यायमा सारांश, निष्कर्ष र भावी अनुसन्धानको लागि सुझावहरु प्रस्तुत गरिएको छ । यसरी शोध विधिका सम्पूर्ण विधिहरुको वैज्ञानिक तरिकाको प्रयोग गरि पूर्ण एवम् सङ्गठित अध्ययनपत्रका रुपमा यसको स्वरुप तयार पारिएको छ ।

**४.२. निष्कर्ष**

भोजपुर जिल्लाको नेपाले डाँडा गा.वि.स. मा प्रचलित लोकभजनले स्थानीय मानिसहरुको धर्मप्रतिको आस्थम तथा विश्वासलाई उजागर मात्र गरेको छैन त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुको एकता, तीर्थ, व्रत चार्डपर्व लगायतका अवसरमा हुने सामूहिक एकतालाई समेत प्रस्तुत गरेको छ भने लोक भजनले धर्मप्रतिको धारण र मनोरञ्जनलाई पनि  चित्रण गरेको छ ।

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित लोकभजनहरुले सामाजिक, धार्मिक, उपदेशात्मक, भगवान्प्रतिको भक्तिपूर्ण मनोरञ्जनात्मता देखाए तापनि विशुद्ध रुपमा धार्मिक उद्देश्यले  नै गाइँदै आइएका छन् ।

**४.३ भावी अनुसन्धानका निम्ति सुझाव**

भोजपुर जिल्ला नेपाले डाँडा गा.वि.स. नेपाली लोकभजनको अध्ययन र अनुसन्धानका प्रचुर सम्भावनाहरु छन् । ती लोकभजनहरुको माध्यबाट यस गा.वि.स.लाई राष्ट्रिय स्तरमा चिनाउनको लागि भावी पुस्ताका अनुसन्धानकर्ताले निम्न शीर्षकमा अनुसन्धान गर्न सक्ने छन् -

भोजपुर जिल्लाको  नेपाले डाँडा गा.वि.स. मा प्रचलित लोकभजनहरुको अध्ययन

भोजपुर जिल्लाको  नेपाले डाँडा गा.वि.स.मा प्रचलित बालन भजनहरुको अध्ययन

भोजपुर जिल्लाको  नेपाले डाँडा गा.वि.स.मा प्रचलित लोकभजनमा आधारित लोक नाटकको अध्ययन

## सन्दर्भग्रन्थ सूची


अनलाइन मिडिया विकिपिडिया

थापा,धर्मराज र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना, काठमाडौँ पा.वि.के., त्रि.वि. २०४१

पन्त  कालीभक्त हाम्रो संस्कृति इतिहास, भैरहवा, नेपाल, २०२५

पराजुली, कृष्णप्रसाद, नेपाली लोकगीतको आलोक, काठमाडौँ, वीणा प्रकाशन २०५७

बन्धु चुडामणि र अन्य (सदस्य) नेपाली बृहत् शब्दकोश सातौं स, काठमाडौ २०६७

बन्धु चूडामणि, नेपाली लोक साहित्य, काठमाडौँ : एकता बुक्स दो.स. २०५८

सुवेदी जीवनप्रसाद नेपाले डाँडा सिम्लेका लोकभजनहरु अप्रकाशित (२०७२)

ज्ञवाली हरिप्रसाद प्युठान जिल्लाको बरौल गा.वि.स.मा प्रचलित लोकगीतको अध्ययन अध्ययन पत्र २०६७

## परिशिष्ट

## स्रोत व्यक्तिहरु

| क्र.स. | नाम | ठेगान | पेशा /व्यवसाय |
|---|---|---|---|
| १ | जीवनप्रसाद सुवेदी | नेपाले डाँडा ७ | समाजसेवी |
| २ | टीकाराज न्यौपाने | नेपाले डाँडा ७ | शिक्षक |
| ३ | विद्याराज न्यापाने | नेपाले डाँडा ७ | शिक्षक |
| ४ | सोमनाथ भण्डारी | नेपाले डाँडा ७ | समाजसेवी |
| ५ | तीलाकुमारी सुवेदी | नेपाले डाँडा ७ | कृषक |
| ६ | निलकण्ठ भण्डारी | नेपाले डाँडा ७ | शिक्षक |
| ७ | रामप्रसाद भण्डारी | नेपाले डाँडा ७ | कृषक |
| ८ | नीलमणि खनाल | नेपाले डाँडा ५ | समाजसेवी |
| ९ | माधवप्रसाद न्यौपाने | काठमाडौं कपन | कर्मचारी |
| १० | चन्दमणि सुवेदी | नेपाले डाँडा ७ | विद्यार्थी |
| ११ | पुरुषोत्तम भण्डारी | नेपाले डाँडा ७ | कृषक/व्यापारी |
| १२ | सावित्रा सुवेदी | नेपाले डाँडा ७ | समाजसेवी |

| | | | |
|---|---|---|---|
| | | | |
| १३ | खगेश्वर गौतम् | नेपाले डाँडा ५ | कृषक |